gjlj sNk
(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)
साप्ताहिक
web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek
वर्ष ८ अङ्क २५ पूर्णाङ्क ३६३ आइतवार, फागुन ३०, २०७२ Mar. 13, 2016, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

कार्कीको सफलता चुलिंदो

- अन्तिम पृष्ठमा

विकराल बन्दै बालविवाह

■ सन्तोष गौतम/नवविकल्प

कलिलै उमेरमा विवाह गरेका म्याग्दीको दाना गाविसका स्थानीय महिलाहरु । चिमखोलाकी गीता विक बालविवाहबारे आफ्नो अनुभव बताउँदै (इन्सेटमा) । *तस्वीर : नवविकल्प*

म्याग्दीको चिमखोला ६ की १५ वर्षिया गिता बिकले आफ्नो बिवाह भएको जतिबेला थाहा पाईन त्यतीबेला उनि आफ्नै फुपुको घरमा दुलहि बनेर भित्रीइसकेकी थिईन् । 'घर जाउँ भनेर फुपुको छोराले फकाएर लगे । फुपुको घर जान बुवा आमाले पनि रोक्नु भएन' गिताले तिन महिना अघिको घटना सम्झीईन 'फुपुकोमा गएको केही दिनमा बल्ल थाहा पाए म त्यहाँ भतिजी होईन बुहारी बनेर गएकी रहेछु ।'

आरन पेशा गर्दै आएका गिताका बुवा र आमाको सहमतीमा छिमेकी गाविस पाखापानी घर भएका फुपुका छोराले बिवाह गर्नलाई आफ्नो घर लगेका थिए । फुपुका २४ वर्षिय छोराले गर्ने ब्यवहारबाट आफ्नो बिवाह भएको थाहा पाएपछि छाँगाबाट खसेजस्तो भएको गिताले पिडा सुनाईन ।

२३ दिनसम्म फुपुको घरमा बसेपछि उनले त्यहाँको ब्यवहार ठिन नलागेपछि आफ्नै घर फर्कने निधो गरिन् । अमर माविको कक्षा ६ मा अध्ययनरत गिताले अहिले पढाईलाई निरन्तरता दिइरहेकी छिन् । 'सर मिसले सहयोग गर्नुभएको छ । माया गर्नुहुन्छ' गिताले भनिन् 'विगतमा जे जस्तो भएपनि अब पढाईलाई निरन्तरता दिन्छु ।'

मामाको छोरी र फुपुको छोराबीच हुने मागी बिवाह संस्कारलाई चुनौती दिएकी गिताको कथाजस्तै लाग्ने संघर्षको भोगाई भन्दा दर्दनाक पिडा छ उत्तरी क्षेत्र दाना ८ की १८ वर्षिया अञ्जली गर्बुजाको । गरिबीका कारण घरमा बुवाआमाले पढाउन सक्ने अवस्था नभएपछि शिख पाउद्धार माईत भएकी उनले तिन वर्षअघि दानाका मिनकुमार गर्बुजासंग लग(नगाठो कसेकी थिईन् । १५ वर्षको उमेरमा बिवाह गरेकी गर्बुजा १६ वर्षकै कलिलो उमेरमा आमा बन्नु पर्‍यो । गर्बुजाले विहे भन्दा अगाडि गाउँमै ६ कक्षासम्मको अध्ययन गरीन भने ८ सम्म सर्वोदय उच्च मावि भूतातोपानीमा ।

बिवाहपछि ८ कक्षा पढ्न ज्ञानप्रकाश उच्च मावि दानामा भर्ना भएकी उनि पढाईमा अब्बल थिईन । उनले ८ कक्षामा तृतिय स्थान हुँदै उत्तिर्ण पनि भईन् । कक्षा १० मा पढ्न शूरू गरिन तर प्रवेशिका परीक्षामा सहभागि हुन पाईनन्, कारण उनी आमा बनिसकेकि थिईन । पढाईले १० कक्षामा पूर्ण विराम लाग्यो । उनको एस एलसी पास गर्ने सपना पूरा भएन । शिक्षा

बाँकी पृष्ठ ७ मा

यसभित्र...

टोड्केलाई पर्यटकीय गन्तब्य बनाउन पहल

आतिथ्यता, जैविक बिबिधतामा मात्रै सिमित छैन म्याग्दीको मध्य भागमा पर्ने टोड्के । नेपालकै एक प्रसिद्ध धार्मीकस्थल स्वर्गद्धारी आश्रमको शाखाको रूपमा पनि परिचीत टोड्केको एकान्त वातावरण पनि अर्को बिशेषता हो । ओझेलमा परेको टोड्केको सम्भावनाको घुम्टो विस्तारै खुल्दै गएको छ ।

रिपोर्टर डायरी - विस्तृत : पृष्ठ ३ मा

एक हजार जनालाई गाउँमै सेवा

समाचार : पृष्ठ ६ मा

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३
जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी
फोन: ०६९-५२०७६०
न्युरोड, पोखरा (भाटभटेनी सैनी)
फोन: ०६१-५२७४२०
DIGIAM Ashvira OCM Bentley Raymond

सूचना

छोरा र छोरीलाई समान व्यवहार गरौं, छोरीलाई पनि स्कूल पठाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

5f6s/L

नुन सम्बन्धी चेतनामूलक कार्यक्रम

■ **नवविकल्प**

साल्ट ट्रेडीङ कर्पोरेशन बागलुङले आईतबार बेनी नगरपालीका १३ तातोपानीमा आयोडिनयुक्त नुनको सुरक्षित प्रयोग सम्बन्धि चेतनामुलक कार्यक्रम गरेको छ ।

तातोपानी कुण्ड र सरस्वती माविमा आयो नुनको सुरक्षित प्रयोग सम्बन्धित प्रयोगात्मक सन्देशमुलक कार्यक्रमका साथै तातोपानी बजारमा र्‍यालीको आयोजना गरिएको हो । सरस्वती माविका शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय बासीन्दाको सहभागितामा तातोपानी बजारमा र्‍याली निकालीएको थियो । र्‍यालीपछि विद्यालय र तातोपानी कुण्ड परिसरमा छुट्टाछुट्टै रूपमा आयोजित कार्यक्रममा साल्ट ट्रेडीङ कर्पोरेशन बागलुङका प्रमुख मनोजकुमार श्रेष्ठले आयोडिनयुक्त नुनको बिशेषयता, यसले स्वास्थ्यमा गर्ने फाईदा र नुनको सुरक्षित प्रयोगका सम्बन्धमा जानकारी गराएका थिए ।

एसएलसी केन्द्र व्यवस्थित गर्न माग

■ **नवविकल्प**

जिल्लामा एसएलसी परिक्षालाई ब्यवस्थित र विद्यार्थी मैत्री बनाउन अनेरास्ववियु म्याग्दीले माग गरेको छ । यहि चैत्र २६ गते बाट सुरू हुने प्रवेशिका परिक्षालाई मर्यादित र विदयार्थी मैत्री बनाउन भन्दै जिल्ला शिक्षा कार्यालय म्याग्दीमा विहिबार ज्ञापन पत्र बुझाएको हो ।

अनेरास्ववियुका जिल्ला अध्यक्ष तथा केन्द्रिय सदस्य प्रकाश पौडेलको नेतृत्वमा गएको विद्यार्थी सहितको टोलीले निमित्त जिशिअ विश्वप्रकास रेग्मीलाई ज्ञापनपत्र बुझाएको हो । अनेरास्ववियुले परिक्षा अबधि भर प्रत्येक परिक्षा केन्द्रमा प्राथमिक उपचारको ब्यवस्था गर्नुपर्ने र छात्रा विद्यार्थीहरूको लागि सेनेटरी प्याड उपलब्ध गराउन माग गरिएको अध्यक्ष पौडेलले बताए । परिक्षा केन्द्रमा आइपर्ने सक्ने हरेक समस्याहरूको समाधानका लागि तयारी गर्न सम्बन्धित निकायलाई सचेत बनाइएको अध्यक्ष पौडेलले बताए । पत्र बुझ्दै निमित्त जिशिअ रेग्मीले अनेरास्ववियु विद्यार्थीहरूले उठाएका मागहरू पुरा गर्ने प्रतिवद्धता ब्यक्त गरेका थिए ।

छापमा विद्यालय भवन निर्माण

■ **नवविकल्प**

जिल्लाको बेनी नगरपालीका ५ छापमा स्थानीयबासीन्दाको पहलमा विद्यालयको कक्षाकोठा भवन निर्माण भएको छ ।

सरकारी निकायको न्युन सहयोग पाएका छापका बासिन्दाले स्थानीय स्तरमा श्रम र थप आर्थिक स्रोत जुटाएर बागेश्वरी प्राबिको चार कोठे भवन निर्माण गरेका हुन् । गत बैशाख १२ गतेको भुकम्पले विद्यालयको भवन भत्कीएपछि पठनपाठन प्रभावित भएको थियो । नयाँ सुबिधायुक्त भवन बनेपछि विद्यार्थीहरूलाई राहत र सुबिधा पुगेको छ । सात लाख ४३ हजार रूपैयाँको लागतमा भवन निर्माण भएको आर्थिक संकलन समितिका संयोजक कृष्णबहादुर बानियाँले जानकारी दिए । जिल्ला शिक्षा कार्यालयबाट एक लाख, बेनी नगरपालीकाबाट ५५ हजार र अमेरिकाको टेक्साकाना समाज नेपालबाट एक लाख ८५ हजार रूपैयाँ सहयोग प्राप्त भएको थियो ।

स्थानीयबासीन्दाहरूबाट चार लाख तिन हजार रूपैयाँ सहयोग संकलन गरेर भवन बनाएको संयोजक बानियाले बताए । उक्त भवनको जिल्ला शिक्षा अधिकारी रामप्रसाद अधिकारीले यसैहप्ता उद्घाटन गरेका थिए ।

साढे दुई लाखभन्दा बढी भेटी

■ **नवविकल्प**

जिल्लाको प्रशिद्ध धार्मिक स्थल गलेश्वरमा मन्दिरमा साढे दुईलाख रूपैयाँभन्दा बढी भेटी सङ्कलन भएको छ । यस वर्षको महाशिवरात्री पर्वको अवसरमा आएका श्रद्धालु भक्तजनहरूबाट दुईलाख ६५ हजार ८४० रूपैयाँ सङ्कलन गरिएको हो ।

गलेश्वर मन्दिरभित्र रहेका मण्डप र अन्य मन्दिरबाट मात्रै एकलाख ३१ हजार ३४६ रूपैयाँ आर्थिक सङ्कलन भएको छ । यसैगरी शिवलिङ्गबाट ७८ हजार ७१४ र रसिदबाट ५४ हजार ७८० रूपैयाँ सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । गएको वर्षभन्दा यसवर्ष ७३ हजार आठसय ७७ रूपैयाँ बढी आम्दानी भएको छ भने सङ्कलित रकमबाट गलेश्वर क्षेत्रमा पूर्वाधार विकास गरिने क्षेत्र विकास कोषका अध्यक्ष रूद्रबहादुर केसीले बताए ।

कालीगण्डकी सफाई अभियान

■ **नवविकल्प**

मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखा म्याग्दीले शनिबारदेखि कालीगण्डकी नदी सफाई अभियान सुरू गरेको छ ।

धार्मीक एवं पर्यटकीय दृष्टिकोणले सम्भावनायुक्त कालीगण्डकीमा बढ्दो प्रदुषण न्युनीकरण र नदी सरसफाईप्रती सचेतना फैलाउने उद्देश्यले अभियान सुरू गरिएको शाखाले जनाएको छ । बेनी बजार स्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानबाट अभियान सुरू गरिएको हो ।

अभियान अन्तरगत प्रत्येक महिनाको अन्तिम शनिबार नदी किनारमा फालीएको फोहोर संकलन र ब्यवस्थापन गर्ने तथा फोहोर नगर्न सन्देश प्रवाह गरिने शाखा सभापति मुक्ति ढुंगानाले जानकारी दिए । अभियानमा सहभागिताका लागि शान्ति समाजले बजारबासी, उद्योगी ब्यवसायी, सरकारी तथा गैरसरकारी निकायसँग पनि अपिल गरेको छ ।

शान्ति समाजको गत मंसिर ४ र ५ गते गलेश्वरमा सम्पन्न १८ औं राष्ट्रिय परिषद् बैठकले कालीगण्डकी सफाई अभियान सञ्चालन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो । निर्णय कार्यान्वयनका लागि अभियान सञ्चालन गरिएको केन्द्रिय उपसभापति रामजीप्रसाद सुवेदीले बताए ।

डिजाइन सम्बन्धी कामका लागि
शर्मा डेस्कटप
बेनीबजार, म्याग्दी
मो.नं. ९८५७६२१५६०

फोटो कथा



पहिचानको संरक्षण : जिल्लाको चिमखोलामा थाली नाच देखाउँदै महिलाहरु । चिमखोलाबाट नै थाली नाचको उत्पत्ति भएको हो । *तस्वीर: सन्तोष गौतम*

सेवा नै धर्म हो : नेपाली सेनाले चिमखोला गाविसमा गरेको स्वास्थ्य शिविरमा उपचार गर्दै । नेपाली सेनाले जिल्लाको दुर्गम भेगमा पुगेर नागरिकलाई स्वाथ्य सेवा उपलब्ध गराएको हो । *तस्विर : सन्तोष गौतम*



कलाको संरक्षण : झ्राँ गाउँका मगर समुदाय पुख्यौली नाचका लागि तयारी गर्दै । दोस्रो टोड्के महोत्सवमा उनीहरुले पुख्यौली नृत्य देखाएका थिए ।

तस्वीर: ठाकुरप्रसाद आचार्य

5f6s/L

हाजिरीजवाफमा लोकदीप प्रथम

■ धिरन खत्री

एकिकृत नेकपा माओवादी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) म्याग्दीको आयोजनामा भएको एसएलसी ओरिन्टेट हाजिरजवाफ प्रतियोगीता शुक्रबार बेनीमा सम्पन्न भएको छ ।

प्रतियोगीतामा जिल्लाका विभिन्न १३ विद्यालयले सहभागिता जनाएका थिए। प्रतियोगीतामा लोकदिप आवसीय मावि प्रथम ,न्यू वेष्ट प्वाइन्ट आवासिय उच्च मावि दितृय ,बेनि सामुदायिक उच्च मावि तृतिय र रघुगंगा मावि पिप्ले सान्त्वना हुन सफल भएका छन् । सफल विद्यालयलाई क्रमश नगद रू ५ हजार पाँच, ३ हजार तिन, २ हजार दुई , १ हजार एक पुरूस्कार सहित प्रमाणपत्रद्धारा पुरस्कृत गरिएको थियो । त्यस्तै सहभागि विद्यालय तथा विद्याथीलाई पनि प्रमाण पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रिय सचिबालय सदस्य कुशल पौडेल र जिल्ला अध्यक्ष सुदिन पौडेलले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रिय सचिबालय सदस्य कुशल पौडेलले विद्याथीको हकहितका लागि र आउदै गरेको एसएलसीको सहयोगका लागि केन्द्रित कार्यक्रमले रचनात्मक भुमिका खेलेको बताए । अनेरास्वविय (क्रान्तिकारी)का जिल्ला अध्यक्ष सुदिन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला उपाध्यक्ष गणेश शर्माले स्वागत र सचिब यामनाथ पौडेल र रेशम केसीको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको प्रसार प्रचार प्रमुख रेशम पौडेलले जानकारी दिए ।

निर्वाचनको टोली गाउँ पस्यो

■ नवविकल्प

जिल्ला निर्वाचन कार्यालय म्याग्दीले शुक्रबारदेखि तस्विर सहितको मतदाता नामावली संकलन अभियान सुरू गरेको छ ।

नयाँ थपिएका मतदाताको नामावली संकलन गर्ने, मृत्यु भएका र बसाईसराई गरेकाको अद्यावधिक गर्ने, त्रुटी संसोधन र छुटेकालाई समेट्ने गाउँ केन्द्रित अभियान सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

शुक्रबार दरवाङको दुखुबाट सुरू भएको एक महिने अभियान मल्कवाङ, मुदी, लुलाङ, ताकम, देविस्थान, रूम, निस्कोट, अर्मन, बाबियाचौर, भकिम्ली र दाना गाविसमा सञ्चालन हुने जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले बताए । उनका अनुसार गाविस सचिव र सामाजिक परिचालकहरूसंग सहकार्य गरेर तस्विर सहितको मतदाता नामावली संकलन गर्न प्राविधिकहरू गाउँ गाउँमा खटिएका हुन् । म्याग्दीमा २०७२ पौष मसान्तसम्म ३६ हजार ६६६ पुरूष र २९ हजार ७३७ जना महिला गरि ६६ हजार ४०४ जनाले तस्विर सहितको मतदाता नामावली दर्ता गराएका छन् ।

डडेलो नियन्त्रण तालिम सम्पन्न

■ नवविकल्प

भुरूङ तातोपानी इलाका वन कार्यालयको आयोजनामा भुरूङ्ग तातोपानी-४, मान्द्रेढुंगामा वन डढेलो नियन्त्रण, रोकथाम तथा अग्नीरोधक सामाग्री ब्यवस्थापन सम्बन्धी ३ दिने तालिम सम्पन्न भयो ।

उक्त तालिममा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी सैद्धान्तिक ज्ञान तथा अग्नी रोधक सामाग्रीहरूको प्रयोग र स्याहार सम्भार सम्बन्धी ब्यवहारीक ज्ञान दिइएको थियो । तातोपानी इलाका वन कार्यालयका सहायक वन अधिकृत युवराज पोख्रेल र बेग इलाका वन कार्यालयका सहायक वन अधिकृत लोमनाथ तिम्सिनाले तालीमको सहजिकरण गरेका थिए ।

तालिमकै अभ्यासका क्रममा भुरूङ्ग तातोपानी गा.वि.स. अन्तर्गतका वन क्षेत्रमा भिषण आगलागी भएपछि तालिमका सहभागिहरू आगो निभाउने कार्यमा समेत सहभागि भएका थिए । सो डढेलो तातोपानी बजार तर्फ बढ्दै गएपछि सम्भावित जोखिमलाई रोक्न स्थानीय उपभोक्ताहरू, प्रहरी, नेपाली सेना तथा तातोपानी इलाका वन कार्यालयका वन कर्मचारी मिलेर आगो नियन्त्रण गरिएको थियो ।

राप्रपाको संगठन विस्तारमा तिव्रता

■ नवविकल्प

राष्ट्रिय प्रजातन्त्र पार्टी म्याग्दीको सङ्गठन विस्तार अभियान जारीरहेको छ । यसैक्रममा बेनी नगरपालिका-८ को वडामा पूर्णबहादुर कार्की अध्यक्ष, दलबहादुर खड्का उपाध्यक्ष, शङ्कर श्रेष्ठ सचिव र अर्जुन खत्री सहसचिव रहेको १७ सदस्यीय वडा समिति गठन भएको छ ।

समितिको सदस्यहरूमा ध्रुब परियार, राजु नेपाली, नरबहादुर कार्की, जगत श्रेष्ठ, नारायण बस्नेत, राम जिसी, चक्र शेरचन, कुलबहादुर बस्नेत, अर्जुन चोखाल, ईन्द्रबहादुर चोखाल, दीपक दर्जी र मिनबहादुर चोखाल रहेका छन्भने सल्लाहकारमा टेकबहादुर बानियाँ, मनविर मिजार र मानबहादुर थापा रहेका छन् ।

यसैगरी बेनपा-१० वडामा यामबहादुर बानियाँ अध्यक्ष, सुवास शाही उपाध्यक्ष, क्षत्रबहादुर चोखाल सचिव, देवी खत्री कोषाध्यक्ष र निकाश खत्री सहसचिव रहेको १५ सदस्यीय वडा समिति गठन भएको छ । यसैगरी समितिको सदस्यहरूमा जुद्धविर परियार, धनलाल विक, जयन्द्रबहादुर बानियाँ, थहरबहादुर चोखाल, रामबहादुर सेन, वेगबहादुर चोखाल, रितबहादुर विक, राम शाही र चित्रबहादुर खत्री रहेका छन् । सल्लाहकारमा तिलकबहादुर चोखाल, दिलबहादुर खत्री र ख्यामबहादुर खत्री रहेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै राप्रपाका केन्द्रीय सदस्य एवं पूर्वराज्यमन्त्री भीमप्रसाद गौचनले देशमा राष्ट्रियता कमजोर हुँदै गैरहेको अवस्थामा राष्ट्रियताको भावना जागृत गराउनुपर्ने बताए । उनले जिल्लामा विकासका गतिविधिहरू बढाएर जनताको जीवनस्तर माथी उठाउने कार्यमा आफू लागिपरेको समेत बताएका छन् ।

रिपोर्टर डायरी

- सन्तोष गौतम

टोड्केलाई पर्यटकीय गन्तब्य बनाउन पहल

पहाडको टाकुरामा समथर भुगोल । उत्तर र पुर्वतर्फ लहरै हिमाल । बिहानीमा चम्कीलो प्रकाश छर्दै उडाउने सुर्योदय । बसन्त ऋतुमा ढकमक्क फुल्ने लालीगुराँसको पुष्ठभुमिमा तल हेर्दा देखिने ग्रामिण बस्ती ।

मगर समुदायको बाहूल्य बसोबास भएका गाउँ, परम्परागत कला र संस्कृती, आत्मीय आतिथ्यता, जैविक बिबिधतामा मात्रै सिमित छैन म्याग्दीको मध्य भागमा पर्ने टोड्के । नेपालकै एक प्रसिद्ध धार्मीकस्थल स्वर्गद्धारी आश्रमको शाखाको रूपमा पनि परिचीत टोड्केको एकान्त वातावरण पनि अर्को बिशेषता हो । ओभ्रेलमा परेको टोड्केको सम्भावनाको घुम्टो विस्तारै खुल्दै गएको छ ।

पर्यटकीय, प्राकृतिक, धार्मीक र सांस्कृतीले भरिपूर्ण टोड्के पुर्वाधार, सुबिधा र प्रचारप्रसारको कमीले ओभ्रेलमा परेको हो । टोड्केलाई पर्यटकीय स्थलको रूपमा विकास गराउन पछिल्लो समय सरोकारवालाको सक्रियता बढेको छ । स्थानीय बासिन्दा, सरकारी निकाय, निजी क्षेत्र र पर्यटन संग सम्बन्धीत संस्थाले टोड्केमा पर्यटक भित्र्याउन पहल गरेका हुन् ।

कुहुँ, भिँ र पात्लेखेत गाविसको सिमा क्षेत्रमा पर्ने टोड्केमा आन्तरीक तथा बाह्य पर्यटक भित्र्याउनका लागि स्थानीय बासीन्दाहरू प्रचारप्रसार र पुर्वाधार निर्माणमा जुटेका छन् । समुद्री सहतदेखि दुई हजार ३८० मिटर उचाईमा अवस्थित टोड्केको पर्यटन विकासका लागि मेला, महोत्सवको माध्यमबाट प्रचारप्रसार भैरहेको छ ।

वि.स २०६५ मा नेपालमै पहिलो पटक गुराँस महोत्सव आयोजना गरेर टोड्केलाई जिल्ला, क्षेत्र, राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा परिचित बनाउन सफल स्थानीय बासिन्दा पछिल्लो समय संस्थागत रूपमा टोड्केको विकासका लागि सक्रिय भएका हुन् । भिँ, कुहुँ, पात्लेखेत, बेनपा १२ र पाखापानीका बासिन्दाहरूले वि.स २०६८ मा स्थापना गरेको टोड्के क्षेत्र विकास कोषले पुर्वाधार विकास, प्रचारप्रसारको काम गर्दै आएको छ ।

जिविसको सहयोगमा टोड्केमा दुई कोठे कार्यालय भवन बनाएको संस्थाले पर्यटन कार्यालय पोखराको सहयोगमा पिकनिक स्थल र टहरा निर्माण गरेको छ । पूर्णगाउँ, वाखेत र भिँ हुदै कच्चि सडक पुगेको टोड्केमा खानेपानी र वेतारे ईन्टरनेट सेवा उपलब्ध छ ।

नेपाल सरकारले २०७२ असोज १० गते ३६ औं अन्तराष्ट्रिय पर्यटन दिवसको अवसरमा टोड्केलाई पर्यटकीय स्थल तथा नजिकका पूर्णगाउँ, भिँ र वाखेतलाई होमस्टे गाउँ घोषणा गरेपछि स्थानीयबासीलाई हौसला मिलेको छ । म्याग्दी उद्योग वाणिज्य संघको पहलमा ग्रामिण पर्यटन विकास मञ्च (भिटोभ), पर्यटन वोर्ड, टान लगायतले सम्भाब्यता अध्ययन गरेर तयार पारेको प्रतिवेदनको आधारमा सरकारले पर्यटकीय स्थल घोषणा गरेको म्याग्दी काठमाडौं चौतारीका कोषाध्यक्ष दिनेशनारायाण श्रेष्ठले जानकारी दिनुभयो ।

पर्यटकीय स्थल र होमस्टे गाउँ घोषणा भएको वर्षनै आन्तरीक तथा बाह्य पर्यटक भित्र्याउन फागुन २५ देखि २९ सम्म दोस्रो टोड्के महोत्सव आयोजना गरेको टोड्के क्षेत्र विकास कोषका उपाध्यक्ष बाबुराम आचार्यले बताउनुभयो । भौगोलिक विकटता र अभावको सामना गर्दै आयोजना भएको महोत्सव टोड्केको प्रचारप्रसारका साथै आन्तरीक पर्यटक भित्र्याउन र सम्भावनाको उजागर गराउन सफल भएको महोत्सव मुल आयोजक समितिका संयोजक समेत रहेका कोषका अध्यक्ष मोहन खत्रीले बताउनुभयो ।

पाँच दिनसम्म सञ्चालन भएको महोत्सवमा क्षेत्रीय स्तरको पुरूष भलिबल, गाविस स्तरीय महिला भलिबल, लोक दोहोरी गित प्रतियोगिताको साथै स्वर्गद्धारी आश्रम परिसरमा फागुन २७ देखि चैत ७ गतेसम्मका लागि शिवमहापुराणा महायज्ञ सञ्चालन भएको छ । महोत्सव र महायज्ञ सञ्चालन गर्न स्थानीयबासीका साथै प्रवासी र सरकारी निकायले पनि सहयोग गरेका छन् ।

पशुपती शर्मा, लाली बुढाथोकी, मुना थापा लगायत राष्ट्रिय र स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुती, भ्राँकी, कृषि, वन र स्थानीय उत्पादनको प्रर्दशनी रहेको महोत्सवमा सदरमुकाम बेनी, छिमेकी गाविस, पर्वत, बागलुङ, कास्की लगायतका ठाउँबाट आन्तरीक पर्यटक आएको टोड्के क्षेत्र विकास कोषका सचिव टेकबहादुर राम्जालीले जानकारी दिनुभयो ।

समथर भुगोल र एकान्त वातावरणमा अवस्थित टोड्केबाट हिमशृङखला, सुर्योदय, गुरासको जंगल, प्राकृतिक सौन्दर्यता र ग्रामिण बस्तीहरूको अवलोकन गर्न सकिन्छ । गुर्जा, धौलागिरी, मानापाथी, निलगिरी, अन्नपूर्ण, माछापुच्छे लगायत १५ वटा हिमशृङखलाहरूलाई नाङलोको घेराभ्रै नजिकबाट अवलोकन गर्न सकिने टोड्केबाट म्याग्दीका ३८ भन्दा धेरै बस्तीहरू देखिन्छ ।

बसन्त ऋतुमा पाखाभरी राताम्मे भएर ढकमक्क फुल्ने लालीगुराँस टोड्केको अर्को बिशेषता भएको पुलाचौरका शिव बानियाले बताउनुभयो । टोड्केको प्राकृतिक सौन्दर्यता र मनोरम वातावरणले मोहीत बनाएको बानियाले अनुभव सुनाउनुभयो । टोड्केको धार्मीक महत्व पनि छ । प्युठानको स्वर्गद्धारी आश्रमको शाखा मानिने टोड्केमा स्वर्गद्धारीबाट आएका ऋषीहरूले तपस्या गरेको ईतिहाँस छ ।

स्वर्गद्धारी महाप्रभु प्युठानबाट आएर केही समय टोड्केमा तपस्या गरेको कुहुँ गाविसका पुर्व गाविस अध्यक्ष प्रेमप्रसाद रेग्मीले बताउनुभयो । उहाँका अनुसार स्वर्गद्धारी महाप्रभुले प्रयोग गरेको खराउ (काठको चप्पल) अभ्रै रहेकाले महाप्रभु टोड्केमा आएको पुष्टि हुन्छ । अहिले पनि स्वर्गद्धारीबाट टोड्केमा ऋषीहरू समय समयमा आउने गरिरहेका छन् ।

धौलागिरी हिमालको फेदीमा रहेको रिखार क्षेत्रमा तपस्या गर्न आउने जाने ऋषिहरूले टोड्केलाई बासस्थानको रूपमा प्रयोग गरेको बुढापाकाको भनाई छ । चारैतिर गुराँसे जंगलले घेरीएको टोड्के क्षेत्रमा पाईने जडिवुटी, वन पैदावर र बन्यजन्तु तथा पंक्षीहरू थप आकर्षण हुन् । चिसो हावापानीमा रासायनीक मल र बिषादीको प्रयोग विनै टोड्के क्षेत्रमा उत्पादन हुने मुला, धजरा र आलुको स्वादले प्रसिद्धी कमाएको छ ।

भिँ र वाखेतमा बसोबास गर्ने मगर समुदायको परम्परागत पुख्यौली नृत्य, सोरठी भाका तथा कुहुँ, पूर्णगाउँ र डडुवाका ब्रह्माण, क्षेत्री समुदायको लोकभजन, संस्कार, संस्कृती, जिवनशैलीले पर्यटकलाई आकर्षीत गर्न सक्ने सम्भावना रहेको महेन्द्र मावि भिँका प्रअ यामबहादुर शेरपुञ्जाले बताउनुभयो । स्थानीय बासिन्दा परम्परा, संस्कार, संस्कृती, भेषभुषाको संरक्षणमा पनि उत्तिकै सक्रिय भएर लागेका छन् ।

फागुन २५ गते टोड्के महोत्सवको उद्घाटन गर्न आएका संस्कृती, पर्यटन तथा नागरीक उड्ड्यन मन्त्री आनन्दप्रसाद पोख्रेलले टोड्केको पर्यटन सम्भावना उच्च रहेको बताउनुभयो । सडकका कारण पुराना पदमार्ग विस्थापित भैरहेको अवस्थामा टोड्के लगायत धौलागिरीका सम्भावित पर्यटकीय स्थललाई समेटेर वैकल्पीक पदमार्ग र पर्यटकीय स्थल बनाउने योजना रहेको मन्त्री पोख्रेलले जानकारी गराउनुभयो ।

बेनी-पछै-ढोलथान-जगन्नाथ हुदै मालीका मन्दिर जाने धार्मीक पदमार्ग अन्तरगत टोड्के केन्द्रमा पर्छ । जिविसले तयार पारेको म्याग्दीको पर्यटन गुरूयोजनाले पनि टोड्केलाई प्राथमिकता दिएको छ । टोड्केलाई केन्द्र बनाएर मालीका र कुईनेमंगले तर्फबाट धौलागिरी आधार शिवीर जाने पदमार्गको पनि पहिचान भएको छ ।

बेनीदेखि राहुघाट नदीको वारी, पारीका बस्तीहरूलाई समेट्ने ' धौलागिरी सेञ्चुरी' पदमार्गको नक्सा तयार पार्ने र पदमार्गमा संकेत चिन्नहरू राख्नका लागि पर्यटनविद् डाक्टर प्रेम शर्माको नेतृत्वमा रहेको प्राबिधिक टोलीले स्थलगत अध्ययन सुरू गरेको छक ।

टोड्के महोत्सवको अवसर पारेर स्थलगत अध्ययनमा निस्कीएको टोलीमा पर्यटन वोर्ड, पर्यटन ब्यवसायी, ग्रामिण पर्यटन विकास मञ्च (भिटोभ), म्याग्दी उद्योग वाणिज्य संघ र पत्रकारहरू सहभागि छन् । नक्साङ्कन र संकेत राख्ने काम गरेपछि पर्यटकहरूलाई भ्रमणमा ल्याउन सजिलो हुने म्याग्दी उद्योग वाणिज्य संघका महासचिव राजेश शाक्यले जानकारी दिनुभयो ।

टोड्केको पर्यटन विकासमा जति सम्भावना छ उतिनै चुनौतीका चाङ पनि छन् । पुर्वाधारको अभाव, भएका पुर्वाधारको ब्यवस्थीत प्रयोग नहुनु, संरक्षणको अभाव, सुरक्षा, सुबिधा र प्रचारप्रसारको कमी टोड्केको प्रमुख चुनौती हुन् । कच्चि सडक पुगेपनि सुरक्षित र भरपर्दो नुहँदा टोड्केमा अपेक्षाकृत पर्यटक आगमन हुन नसकेको टोड्के क्षेत्र विकास कोषका सदस्य पुस्कर बिकले बताउनुभयो ।

तिन घरपरिवारको बसोबास रहेको टोड्केमा गास, बासको पनि ब्यवस्थित सुबिधा छैन् । सामान्य होटल सरहको कम क्षमत्ताको घरमा बास बस्नुपर्ने अवस्था छ । पूर्णगाउँ, भिँ र वाखेतमा होमस्टे (घरबास) सेवा सुरू भएको भनिएपनि पर्यटन कार्यालयमा दर्ता भई अनुमती लिएका छैनन् । ईन्टरनेटको टावर भएपनि नियमित सुबिधा छैन् । टोड्केमा सामुदायीक लज स्थापना र होमस्टेलाई बैधानिकता दिनुपर्ने प्रमुख आवश्यकता रहेको सदस्य बिकले बताउनुभयो ।

टोड्के पुग्ने पदमार्ग र सडकलाई ब्यवस्थित, नियमित, सुरक्षित र भरपर्दो बनाउनुपर्ने देखिन्छ । जापानी नागरीकले टोड्केबाट दृष्य अवलोकनका लागि उपलब्ध गराएको अत्याधुनिक दुरबिनको नियमित प्रयोग हुन सकेको छैन् । नजिकै प्रहरी चौकी नभएको र यस अघि पनि पटक पटक टोड्केका बासिन्दाको घरमा चोरी भएकाले सुरक्षाको चुनौति पनि रहेको छ ।

गुराँसको जंगल संरक्षण गर्न र स्थानीय बासीन्दालाई आधारभुत होटल, होमस्टे तथा पर्यटकलाई स्वागत सत्कार तथा उनिहरूलाई गर्ने ब्यवहारका विषयमा तालीम दिन आवश्यक छ । म्याग्दीका सांसद नवराज शर्मा जिल्ला पर्यटन गुरूयोजनालाई समय सापेक्ष परिमार्जीत गरि टोड्के लगायतका सम्भाब्य पर्यटकीय स्थलमा पुर्वाधार विकासमा लगानी बढाउनुपर्ने बताउनुहुन्छ । 'धेरै योजना बनाएर थोरै, थोरै बजेट बाडेर पुर्वाधार विकास हुदैन' शर्माले भन्नुभयो 'प्राथमिकतामा परेका निश्चित योजनालाई पर्याप्त लगानी गरि सम्पन्न गरेपछि मात्र अर्को योजनामा हात हाल्दा सफल भईन्छ ।'

म्याग्दीको पर्यटकीय सम्भावनाको बारेमा अध्ययन गरेका पर्यटनबिद् डाक्टर प्रेम शर्माको भनाईमा टोड्केको पर्यटन विकासका लागि अहिलेसम्म प्रर्वद्धनात्मक गतिबिधि भएपनि पुर्वाधार निर्माणमा ध्यान पुग्न सकेको छैन् । 'प्रचार गरेर मात्र पर्यटक आउँदैनन । पर्यटक बोलाउनु भन्दा अघि समुदाय सक्षम र सुबिधा तयार हुनुपर्‍यो' शर्माले भन्नुभयो 'टोड्के पुग्ने ब्यवस्थित पदमार्ग, सुरक्षित सडक र त्यहाँ खानेबस्ने सुबिधाको ब्यवस्था गर्नुपर्छ ।'

■

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

कालोबजारीलाई कारवाही

gfsfaGbLsf]df}sf 5fk]L oltv]/ ahf/df sfnf]ahf/L dfhfPsf]5 . pkef]Qmfx?n]ahf/df ;'he b/df bl}gs pkef]Uo ;fdfu|Lx? kfpg ;s]sf 5}gg\. gfsfaGbLsf] df}sf 5fk]/ a9fOPsf] ahf/ dNo cem} ;dfof]hg xg' ;s]sf]5}g . ahf/df t/sf/L, vfBfGg nufot sf ;fdfu|Lx?sf]dNo cfsflzPsf]5 . c;xh kl/l:yltdf a9}sf]dNo clxn];xh jftfj/0f xFf klg plQs}5 . ahf/df pkef]Qmfx?n]Uof; cem};xh ?kdf kfpg ;s]sf 5}gg\eg]OGwgsf];d:of klg plQs}5 . k]6«f]n kDkaf6 OGwg sAhf u/L sfnf]ahf/L ug]{u/fx ;lqmo 5 . sfnf]ahf/Lsf] lu/f]xsf sf/0f OGwg dxª'ufdf pkef]Qmfx?n] vl/b ug{afWo 5g\. pkef]Qmfx?sf] w/}}ug]{;f]cfPkl5 dfq kx/Ln]sfnf]ahf/Lsf]cf/f]kdf ltghgfnfO{kqmfp u¥of]. kx/Ln]cem}sfnf]ahf/L ug]{ dWo kfqx?nfO{kqmg ;s]sf]5}g .

ahf/df sfnf]ahf/L ug]{x?sf] klxrfg u/L sfg'gsf]s7f]/tfdf pefpgkb{5 . sfnf]ahf/L Pg}df eP adf]lhd sf/jfxL ug{kx/L k|zf;g rSg'xF}g . bz}n] efl]u/x]sf] kl8fsf ;dodf sfnf]ahf/L u/] gful/s dfly zf]if0f ug]{x? /fi6«3ftL xg' . sfnf]ahf/L lgoGq0f Pg}df sfnf]ahf/L ug]{nfO{laufl] a/fa/sf] hl/jfgf / kfF jif{;Dd s}bsf]Joj:yf 5 . clxn]kqmfp k/]sf JolQmx?af6 sfnf]ahf/Lsf] hfnf] kQf nufpg' kb{5 . ;fg{–;fgfnfO{kqmfp u/] t;fpg' eGbf klg 7'nfnfO{ sfg'gsf]bfo/fdf Nofpg ;s]df dfq ahf/df dfhfPsf] sfnf]ahf/L lgoGq0f xg' ;SYof]. Dofbldf ePsf k]6«f]n kDkx? Klg o;df ;nUg ePsf]gful/sx?sf] ug'{;f]5 . kl5Nnf];dodf h;/L kDkjfnfx?n]dgk/L ul//x]sf 5g\o;n]klg clgldottf ePsf]cfz+sf ug]{ kz:t 7fpF/x]sf]5 . sfnf]ahf/L Pg} afx]s pkef]Qmf ;+/If0f Pg} @)%$ cg';f/ sf/afxL u/]!@ jif{s}b / kfFnfv ?lkofF;Dd hl/jfgf ug{;Sg]sfg'gL cfwf/ klg 5 . ahf/nfO{lgoGq0f ug]{sf nflu of]Pg}df ePsf] Joj:yfnfO{klg s8fO{sf ;fy nfu' ug'{kb{5 .

OGwg dfq xf]Og cGo pkef]Uo j:tx?sf]klg sfnf]ahf/L dfhfPsf]5 . k|zf;gaf6 ;do ;dodf ahf/ cgudg klg ul/gkb{5 . ahf/df pkef]Qmf clwsf/nfO{ ;+/If0f ug{;DalGwt ;/f]sf/jfnf lgsfox?sf]Wofg oltv]/ hfgkg]{5 . OGwg cefjsf] sf/0f b}vfpB} xf]6n bl]v lsgf/f k;n]sk8f Jofkf/L / cGo Jofkf/Ls k|ti7fgx?n]dgnfUbf]dNo lnPsf 5g\. e'sDk / gfsfaGbLn]ahf/df j:t'sf] cefj l;h{gf u/] s]xL 7'nf Jofkf/Lx?n]dNo a9fPsf xg'\. 7'nf Jofkf/Lsf sf/0f ahf/ c;Gt'ng ePsf]xf]. kl5Nnf] ;do dh'se/ ;xh jftfj/0f l;h{gf xF}uPsf]5 . lhNnfsf ;/f]sf/jfnf lgsfox?sf]Wofg rf8F}ahf/lt/ hfcf];\/ ;j{fwf/0f 7lug]jftfj/0fsf]cGTo xf];\.

l6Kk0fL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

नेपाल र अमेरिका : सैद्धान्तिक र व्यवहारिक राजनीति बीचको अन्तर

चन्द्रप्रकाश बानियाँ

"अमेरिकी मतदाताहरूले उमेदवारको कुरा कानले होइन, पेटले सुन्छन्" !

१० मार्च २०१६ को "इन्टरन्यासनल न्युयोर्क टाइम्स" मा प्रकाशित अमेरिकाका एकजना सुप्रसिद्ध राजनीतिक विश्लेषक थोमस एल. फ्रेडम्यानको आलेखबाट लिइएको उद्धरण हो यो । यतिखेर संसारको सबभन्दा आकर्षक "स्वप्न गन्तब्य" को रूपमा लिइने संयुक्त राज्य अमेरिकामा आयोजित हुने आगामी राष्ट्रपतीय निर्वाचनका लागि पार्टीका तर्फबाट "नामाङ्कन" प्राप्त गर्ने अभियानमा उमेदवारीका आकांक्षीहरूबीच घमासान युद्ध चलिरहेको छ । अभियानको प्रारम्भिक चरणमै डेमोक्रेट हिलारी क्लिन्टन र रिपब्लिकन डोनाल्ड ट्रम्प आ-आफ्ना पार्टीको अग्र पंक्तिमा स्थापित भैसकेका छन् । मनोनयन प्राप्त गर्ने होडबाजी उत्कर्षमा छ । प्रजातन्त्रको उदाहरण मानिने अमेरिकाको राष्ट्रपतीय निर्वाचनको प्रारम्भिक चरणमा अर्को एउटा विचित्रको तमाशा पनि देखिएको छ । एकपछि अर्को राज्यमा निरन्तर समर्थन जुटाउन सफल हुँदै गएका जनताबीच लोकप्रिय डोनाल्ड ट्रम्प आफ्नो पार्टीभित्र भने अलोकप्रिय मानिन्छन् । खाट्टी रिपब्लिकनहरूले उनलाई पटक्कै रूचाउँदैनन् । पार्टीका पुराना/ नयाँ सबै घाघडान नेता कार्यकर्ताहरूले उनले मनोनयन नपाए हुन्थ्यो भन्ने आशय र कामना सार्वजनिक रूपमै अभिब्यक्त गरिरहेका छन् । राष्ट्रपतिका पूर्व उमेदवारद्वय मेकन र रोमनीले त उनलाई राष्ट्रपति हुनलायक नै ठान्दैनन् । रोमनीले एक सन्दर्भमा ट्रम्पलाई "ठग" भनेर सार्वजनिक रूपमा आलोचना गरेका थिए । जसले जेजे भने पनि "भुक्दै गर्छ, हात्तिको गति रोकिँदैन" भनेजस्तै ट्रम्पको विजय अभियानलाई त्यस्ता आलोचना र टिप्पणीहरूले कुनै असर गरेको देखिँदैन । आफूप्रति लक्षित त्यस्ता कटाक्षहरूलाई "हरूवाहरूको इर्ष्या" को निरीह अभिब्यक्ति भनेर उपेक्षा गर्ने ट्रम्पको अभियान निरन्तर लक्षभेदनतर्फ उन्मुख देखिन्छ । हो, उनै ट्रम्पको बढ्दो लोकप्रियताको सन्दर्भमा फ्रेडम्यानले उल्लेखित टिप्पणी गरेको हुन् ।

फ्रेडम्यानको उल्लिखित टिप्पणीले एउटा कुरा के खुलासा गरेको छ भने आम अमेरिकहरूको चिन्ता र सरोकारको विषय पनि हाम्रोजस्तै रोजीरोटी नै हुँदो रहेछ । फरक कति मात्रै हो भने हामी नेपालीहरू रोजगारीको अवसर मुलुक बाहिर खोज्छौं । त्यसो गर्नु हाम्रो वाध्यता पनि हो । तर अमेरिकीहरू भने आफ्नै मुलुकभित्र परिवारको पेट भरिने अवसर सिर्जना होस् भन्ने चाहन्छन् । हामी नेपाली र अमेरिकीहरूको राजनीतिक बुझाई बीचको अन्तर त्यहीनेर फरक पर्दो रहेछ । हामीकहाँ राजनीतिलाई पेशा मान्ने चलन छ । राजनीतिक नेता कार्यकर्ताहरूले अतिरिक्त पेशा ब्यवशाय विना नै कुस्त सम्पत्ति आर्जन गर्नु नाजायज मानिदैन । नेपाली काँग्रेसको आन्तरिक निर्वाचनमा मतदाताहरूको रोजाईको शीर्ष स्थानमा अदालतबाट डामिएका भ्रष्टहरू पर्नुले त्यसलाई अपराध मान्ने परम्परा झन परको विषय भैहाल्यो भन्ने कुरालाई पुष्टि गर्छ । भ्रष्ट आचरण विशिष्ट पुरूषार्थ मानिन्छ । पुरूषार्थी र पौरखीहरूले समाजमा सम्मान पाउनु स्वाभाविक मानिने नै भो । म्याग्दी जिल्लाका एकजना पूर्व सभापतिले सत्तारूढ भएको दोश्रै वर्ष पर्वत मल्लाजको बगरफाँटतिर कतै आफ्नी दिदीको नाममा घरघडेरी जोडेको उदाहरण अघिसारेर मेरा एकजना हितचिन्तक आफन्तले " तेरो पार्टीको फलानो त पुरूषार्थी रहेछ ! एकै वर्षमा सदरमुकाममा घरघडेरी जोडिसक्यो !! तैंले भने सांसद भएर पनि शहरबजारतिर एउटा झुपडीसम्म बनाउन सकिनस् !!!" भनेर इख्याउन खोज्नु भएको प्रसङ्ग मेरो स्मरणमा ताजै छ । हामीकहाँ मानिसको सोझोपन र इमान्दारितालाई नामर्दपन ठहऱ्याइन्छ । मेरा आफन्तको कुरा मात्रै होइन, सग्लो समाजमा विकसित भएको आम मान्यता हो त्यो । राजनीतिको उच्च ओहोदामा पुग्नु भनेको कमाई गर्ने अब्बल अवसर प्राप्त गर्नु हो भनेर समाजले स्वीकारेको छ, मान्यता दिएको छ ।

अमेरिकामा भने राजनीतिक नैतिकतालाई फरक ढङ्गमा बुझिँदो रहेछ । हामीकहाँ जस्तो पेशेवर राजनीति गर्ने चलन अमेरिकामा रहेनछ । साह्रै थोरै मान्छे मात्रै कलिलो उमेरदेखि राजनीतिमा लागेका हुँदा रहेछन् । अधिकांश राजनीतिज्ञहरूले ब्यवशायिक जीवनमा सफलता प्राप्त गरेपछि अवकासका सुनौला दिनहरू राजनीतिमा लगाउँन रूचाउँदा रहेछन । आफ्नो ब्यवशायिक प्रौढता समाजसेवामा समर्पित गर्ने चाहना राख्दा रहेछन् । मतदाताले पनि कुनचाही उमेदवारले ब्यवशायिक जीवनमा कुन स्तरको सफलता प्राप्त गरेको छ भन्ने आधारमा मत दिँदा रहेछन् । मनोनयन अभियानको शीर्ष स्थानमा रहेका रिपब्लिकन उमेदवार ट्रम्प र डमोक्रेटिक उमेदवार हिलारीको पेशा संयोगबस एउटै रहेछ । दुबैजना स्थापित रियलस्टेट ब्यवशायी रहेछन् । बाबुबाट वंशानुगत उत्तराधिकारमा प्राप्त रियलस्टेट ब्यवशायलाई उचाईमा पुऱ्याएर अरवपतिको सूचिमा सूचिकृत बन्न सफल भएका ट्रम्पले होटेल ब्यवशायमा पनि सफलता प्राप्त गरेका रहेछन् । ब्यवशायमा अपार सफलता प्राप्त गरेका ट्रम्प राज्य सञ्चालनमा पनि उत्तिकै कुशल प्रमाणित हुनेछन् भन्ने आशा र अनुमानले रिपब्लिकन मतदाताहरू उनीप्रति आशामुखी र आकर्षित भएका हुन् भन्ने सन्दर्भमा विश्लेषक फ्रेडम्यानले त्यसो भनेका रहेछन् ।

हामी नेपालीहरू भने उमेदवारको ब्यवहार, ब्यवशाय र इतिहास होइन, नीति, सिद्धान्त, दर्शन र आदर्शका मिठा ब्याख्यान सुनेर धारणा बनाउँछौं । अमेरिकीहरू पेटले सुन्छन र दिमागले निर्णय लिन्छन् । हामी कानले सुन्छौं र मनले (भावनामा) निर्णय लिन्छौं । म्याग्दीमा सम्पन्न नेपाली काँग्रेसको पछिल्लो आन्तरिक निर्वाचन त्यसको गतिलो उदाहरण हो भन्नु अन्यथा ठहरिदैन । जीन्दगी ब्यवशायमा खपाएका र अवकासको जीन्दगी समाजसेवामा लगाउन चाहने पाका परिपक्क उमेदवार भन्दा ब्यवशायको "व" सँग परिचय नै नभएका, निजी जीन्दगीको सुनिश्चिता विहीन, उपार्जनको राम्रो सम्भावना देखनासाथ जुनसकै बेला राजनीतिबाट पलायन हुनसक्ने आला काँचा, जीन्दगी र ब्यवहारको अनुभव सून्य भएका उमेदवारहरू मतदाताको रोजाईमा परेको देखियो । त्यही कारणले त सफल ब्यवशायिक जीवनको इतिहास बनाएका मानिसहरू पराजित हुन्छन् र स्कुल कलेज पनि नटुङ्गिएका तन्नेरीहरू विजयी बन्दा रहेछन् ।

म्याग्दीको कुरा मात्रै किन उदाहरण त केन्द्रीय निर्वाचनको पनि लिन सकिन्छ । गुटसंगठनका दृष्टिले महामन्त्रीको उमेदवारीमा अर्जुननरसिंह केसीको पक्ष बलियो देखिएपछि शसांकको पराजयको सम्भावनाले काँग्रेसभित्र चिन्ताको सुनामी नै देखिएको थियो । काँग्रेसवृत्तमा बरू गगनले जितिदिए हुन्थ्यो भन्ने चाहना पनि अभिब्यक्त हुन्थ्यो । दयालाग्ने कुरा त के थियो भने शसांकको सम्भावित पराजयको चिन्ता गर्नेहरूमध्ये ब्यवशायिक रूपमा अन्त्यन्त सफल एउटा होनहार डाक्टरले निर्वाचन जित्नुपर्छ भन्ने मान्यता कसैले बनाएन । उनी विपीपुत्र भएको हुनाले उनको पराजयले कोइराला परिवारको साख धमिल्याउने पो हो कि भन्ने चिन्ता प्रबल थियो । उनले सार्वजनिक गरेको प्रतिगामी चिनतनका कारणले निर्वाचनमा पराजय हुन्छ कि भन्ने कसैले सोचेको देखिएन । सफल ब्यवशायीले पार्टीसंगठनमा पनि आफ्नो कुशलता प्रदर्शन गर्ने आशा पनि कसैले राखेन । त्यो कोणबाट कसैले सोच्दै सोचेन ।

अन्तमा फेरि एकपटक म्याग्दीको राजनीतिक इतिहासतिर फर्कौं । राजनीतिक सम्भावनाको उत्तम उदाहरण मानिएका "निल तिलिजा" हरू राजनीतिबाटै पलायन भएको मात्रै होइन, भूमिगत भन्न मिल्ने प्रवासी जीवन बिताउन विवश बन्नुको कारणतिर हाम्रा दृष्टि पर्दैनन । त्यसलाई उपेक्षा गर्नुपर्ने विषय मानिन्छ । समस्याको अर्को पाटो के पनि रहेको देखिन्छ भने नेपालको सन्दर्भमा राजनीतिक कार्यकर्ताहरूको योग्यता र क्षमता उसको विज्ञता, अनुभव र वौद्धिकतामा होइन, उसको खटनको आधारमा मापन गरिने गलत परम्परा रहेको छ । यसपटकको मन्त्रीमण्डल अर्धशिक्षितहरूको भजन मण्डलीको अब्बल उदारण बन्यो भनेर आलोचना हुनुको कारणको जड पनि त्यही हो । झोला बोकेको अवधिको आधारमा नेता कार्यकर्ताको मूल्याङ्कन हुने परिपाटीले योग्य, सक्षम, र ब्यवहारकूशल नेतृत्व स्थापित हुनै सक्तैन । डोनाल्ड ट्रम्प ६७ वर्षका भैसकेका रहेछन् । उनमा पार्टी संगठन वा सरकारी कार्यालयको प्रशासनिक सांगठनिक अनुभव कत्ति पनि रहेनछ । राष्ट्रपतिको उमेदवारीको पार्टीनोमिसनेसनका लागि राजनीतिक महासागरमा होमिदासम्म पनि आफ्नो ब्यावशायिक साम्राज्यको प्रबन्धक आफै रहेछन् । अर्थात ट्रम्प रिपब्लिकन पार्टीका साधारण समर्थक र मतदाता मात्रै रहेछन् । नेपालमा जस्तो दुईखाले पार्टी सदस्यताको ब्यवस्था अमेरिकामा रहेनछ । नेपालमा हुन्थ्यो भने ट्रम्पले राष्ट्रपतिको उमेदवार कुनै पार्टीको तर्फबाट बन्ने सपना देख्न पनि पाउँदैनथे । नेपालको सबभन्दा पुरानो र उदार लोकतान्त्रिक पार्टी भनिने नेपाली काँग्रेसमा पनि केन्द्रीय सदस्यको निर्वाचनमा उमेदवार बन्नका लागि उसको क्रियाशील सदस्यताको उमेर दश वर्ष नाघेको हुनपर्ने प्रावधान छ । त्यसैले पनि "ओठ निचोर्दा दूध आउने" उमेरदेखि राजनीतिको झोला बोक्नु अनिवार्य छ । त्यसो नगर्नेहरूले "चैतै"को बिल्ला भिर्नुपर्ने हुन्छ । राजनीतिक पद मर्यादालाई लामो सेवा पछिको निवृत्तिभरणजस्तो मान्ने चलन छ । त्यसैले होला राजनीतिमा रूचि भएका एकजना पूर्व सचिव हालसालै काँग्रेस त्यागेर नयाँशक्तिमा आबद्ध भएछन् ! ■

> ... हामी नेपालीहरु भने उमेदवारको व्यवहार, व्यवशाय र इतिहास होइन, नीति, सिद्धान्त, दर्शन र आदर्शका मिठा व्याख्यान सुनेर धारणा बनाउँछौं । अमेरिकीहरु पेटले सुन्छन र दिमागले निर्णय लिन्छन् । हामी कानले सुन्छौं र मनले (भावनामा) निर्णय लिन्छौं । म्याग्दीमा सम्पन्न नेपाली काँग्रेसको पछिल्लो आन्तरिक निर्वाचन त्यसको गतिलो उदाहरण हो भन्नु अन्यथा ठहरिदैन । जीन्दगी व्यवशायमा खपाएका र अवकासको जीन्दगी समाजसेवामा लगाउन चाहने पाका परिपक्क उमेदवार भन्दा व्यवशायको "व" सँग परिचय नै नभएका, निजी जीन्दगीको सुनिश्चिता विहीन, उपार्जनको राम्रो सम्भावना देख्नासाथ जुनसकै बेला राजनीतिबाट पलायन हुनसक्ने आला काँचा, जीन्दगी र व्यवहारको अनुभव सून्य भएका उमेदवारहरु मतदाताको रोजाईमा परेको देखियो ।

शैक्षिक विकासमा मोना वेल्जियमको सहयोग

■ नवविकल्प

जिल्लाको शैक्षिक विकासका लागि म्याग्दी प्रवासी नेपाली संघ (मोना) वेल्जियमले आर्थिक सहयोग उपलब्ध गराएको छ । मोनाले भूकम्पबाट क्षती भएका जिल्लाका ग्रामिण भेगमा रहेका चार सामुदायिक विद्यालयलाई तिनलाख रुपियाँ सहयोग गरेको हो ।

जिल्लाको परोपकारी संस्था ओमकुमारी शान्तिकोषको समन्वयमा मोना बेल्जियमले संकलन गरेको उक्त रकम कोषद्धारा बेनीमा आयोजना गरिएको कार्यक्रमका अवसरमा प्रत्येक विद्यालयलाई ७५ हजार रूपियाँका दरले हस्तान्तरण गरिएको हो ।

मोना बेल्जियमका निवर्तमान अध्यक्ष एवम् मोना आइइसीका महासचिव घनश्याम शाही,कोषका अध्यक्ष राजेश शाक्य लगायतको उपस्थितिमा सो रकम विद्यालयलाई हस्तान्तरण गरिएको थियो ।

जिल्लाको पाखापानी गाविसको मालिका निमावी ठाडाखानी, बावियाचौर गाविसको त्रिभुवन मावि न्यालेखोर,ताकम मावि ताकम र मुसुङडोले मावि भकिम्लीको भौतिक पूर्वाधार निर्माणका लागि सो रकम हस्तान्तरण गरिएको हो । सहयोग रकमले विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग पुग्ने अपेक्षा व्यक्त गरिएको छ । कार्यक्रममा महासचिब घनश्याम शाहीले जिल्लाको सामाजिक कार्यमा बेल्जियममा रहेका म्याग्देलीहरूले सहयोगलाई आगमी दिनमा पनि निरन्तरता दिने बताए । उनले जिल्लामा भित्रिएको सहयोग रकमको सहि सदुपयोग हुने अपेक्षा समेत व्यक्त गरेका छन् । बेल्जियममा रहेका करिव चारसय म्याग्देलीहरूले जिल्लाको शिक्षा,स्वास्थ्य लगायतको सामाजिक क्षेत्रमा सहयोग जुटाउनका लागि महिनामा दुइदिन वरावरको पारीश्रमिक छुट्याउने व्यवस्था गर्न लागिएको महासचिव शाहीले बताए ।

कार्यक्रममा सहयोग बुझ्दै ताकम माविका प्रअ रामबहादुर केसीले मोना बेल्जियमले उपलब्ध गराएको सहयोगले विद्यालयलाई सहयोग पुगेको बताउँदै प्राप्त रकम विद्यालयको हितमा लगानी गर्ने प्रतिवद्धता व्यक्त गरे । ओमकुमारी शान्ति कोषका संस्थापक अध्यक्ष चन्ऽकुमार केसीले कोषले जिल्लाको सामाजिक एवम् परोपकारी कार्यमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले कोषलाई प्राप्त भएको रकम पारदर्शी तरिकाले जिल्लाको सामाजिक कार्यमा सहयोग गरिएको बताए । कोषका अध्यक्ष राजेश शाक्यको अध्यक्षता सञ्चालन सदस्य विनय श्रेष्ठले गरेका थिए ।

कार्यक्रममा अध्यक्ष शाक्यले आर्थिक अभावकै कारण कसैले पनि मृत्युवरण गर्न नपरोस भनेर सञ्चालीत अभियानले सामाजिक कार्यमा पनि सहयोग जुटाउने गरिएको बताए । कार्यक्रमा मोना कतारका पूर्व अध्यक्ष विक्रम कार्की लगायत सम्बन्धित विद्यालयका प्रतिनिधिहरू र पत्रकारको सहभागिता रहेको थियो ।

विद्यालय पुननिर्माणका लागि सहयोग

■ नवविकल्प

अमेरिका स्थित एक संस्थाले गत बैशाख १२ र २९ गतेको भुकम्पका कारण क्षत्ती पुगेका म्याग्दीका दुई वटा सामुदायीक विद्यालयको भवन निर्माणका लागि आर्थिक सहयोग गरेका छन् । पाखापानीको ठाडाखानीमा रहेको मालिका निमावीको कक्षाकोठा भवन र ज्ञानप्रकाश उच्च मावि दानामा छात्रावास भवन निर्माणका लागि अमेरीकाको ग्लोबल न्युटेशन ईमपावर अर्गनाईजेशनले करिब तिन लाख रूपैयाँ सहयोग गरेको हो ।

संस्थाका अध्यक्ष मेरि लोङ, उपाध्यक्ष मेक्की झेवा र सदस्य सि साई सहितको टोलीले मालिका निमावीलाई एक लाख २५ हजार र ज्ञानप्रकाश उच्च माविलाई एक लाख ५० हजार रूपैयाँ नगद सहयोग गरेको समन्वयकर्ता घोडेपानीका होटल ब्यवसायी डमबहादुर पुनले जानकारी दिए । मालिका निमावीमा भुकम्पले कक्षा कोठा भवन भत्काएपछि पठनपाठन प्रभावित बनेको छ भने ज्ञानप्रकाश उच्च माविमा छात्राबासको समस्या छ । दुई वटै विद्यालयमा जिल्ला शिक्षा कार्यालयले पनि कक्षाकोठा र छात्राबास बनाउन चालु आर्थिक वर्षमा बजेट सहयोग गरेको छ । उक्त संस्थाले घारको ३ र ४ मा पर्ने खिवाङमा आमा समूहको भवन निर्माणका लागि नगद ५० हजार रूपैयाँ सहयोग गरेको समन्वयकर्ता पुनले जानकारी दिए ।

पर्यटन प्रवर्द्धनमा मोनाको सहयोग

■ नवविकल्प

जिल्लाको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउन म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तराष्ट्रिय कार्यकारी समितिले एकलाख सहयोग गरेको छ ।

पर्यटकीय तथा धार्मीक स्थलको प्रचारप्रसार गर्न सञ्चालन भएको टोड्के महोत्सवलाई मोनाले आर्थिक सहयोग उपलब्ध गराएको हो । मंगलबार सुरू भएको महोत्सवको उद्घाटन समारोहमा मोनाका महासचिव घनश्याम शाहीले मुल आयोजक समितिलाई एक लाख रूपैयाँ नगद हस्तान्तरण गरेका हुन । टोड्के क्षेत्रको पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यले आयोजित महोत्सवको सफलताका लागि सहयोग गरिएको महासचिव शाहीले बताए । आफ्नो पेशा, ब्यवसाय र रोजगारीको सिलसिलामा विभिन्न मुलकुमा पुगेका म्याग्देलीहरूले जिल्लाको पर्यटन प्रवर्द्धननसंगै विकास निर्माण, शिक्षा, स्वास्थ्य र मानविय सेवाका लागि सहयोग गर्दै आएका छन् ।

भण्डारीको परिवारलाई प्रवासबाट सहयोग

■ नवविकल्प

साउदी अरवमा ज्यान गुमाएका भगवती-८ का कमल भण्डारीको परिवारलाई प्रवासी म्याग्देलीले सञ्चालन गरेको आर्थिक सहयोग अभियानका क्रममा अहिले सम्म ६ लाख रूपियाँ भन्दा वढी आर्थिक संकलन भएको छ ।

कार्तिक १२ गते कामको शिलशिलामा भण्डारीको करेन्ट लागेर साउदीमा निधन भएको थियो । आर्थिक अवस्था कमजोर भएको भण्डारी परिवारका लागि सहयोग जुटाउनका राँखु निवासी युवाहरूले सामाजिक सञ्जाल मार्फत सहयोग अभियान सञ्चालन गरेका थिए ।

विभिन्न पेशा तथा रोजगारीका लागि प्रवासमा पुगेका म्याग्देलीहरूले भण्डारी परिवारको सहयोगका लागि आर्थिक संकलन अभियान सञ्चालन गरी ६ लाख ८ हजार एकसय ३६ रूपियाँ संलन भएको सहयोग अभियानका अभियन्ता गोविन्द भण्डारीले बताए ।

विहिवार म्याग्दी उद्योग वाणिज्य संघको समन्वयमा सहयोग हस्तान्तरण कार्यक्रको आयोजना गरी सो रकम स्वर्गीय भण्डारीको धर्मपत्नी मिना भण्डारीलाई हस्तान्तरण गरिएको हो । हस्तान्तरण कार्यक्रममा ओमकुमारी शान्तिकोषका अध्यक्ष राजेश शाक्य,उवासंघका वरिष्ठ उपाध्यक्ष उत्तम कर्मचार्य लगायतको उपस्थितिमा अभियानका अभियन्ता गोविन्द भण्डारीले अहिले सम्म संकलन भएको रकम सार्वजनिक गरेका थिए । उनले आर्थिक रूपमा कमजोर र समस्यामा परेको परिवारका लागि सहयोग गर्नुहुने सवैमा धन्यवाद समेत दिए ।

उनले आर्थिक अवस्था कमजोर रहेको स्वर्गी कमल भण्डारीको परिवारको अवस्थाका बारेमा बताए थियो । दृष्टिविहिन आमा, श्रीमति र छोरी रहेको परिवारमा विहान बेलुकी हातमुख जोड्न समेत समस्या भएको बताउँदै अझै सहयोगको आवश्यकता रहेको बताए । अभियानको क्रममा सागर भण्डारीको सहयोगमा जापानबाट २० हजार, भगवान भण्डारीको सहयोगमा साउदीबाट १५ हजार, रमेश भण्डारीको सहयोगमा दक्षिण कोरियाबाट १ लाख २२ हजार ६ सय, बेलायतबाट अमर भण्डारीको सहयोगमा २ लाख ६४ हजार ८७ रूपियाँ प्राप्त भएको उहाँले जानकारी दिए । यसै गरी सन्तोष भण्डारीको पाँच हजार पाँच रूयिाँ, तिलु शर्मा पाँचहाजर,अमेरीकाबाट अभिषेक शर्मा र भरत भण्डारीको सहयोगमा ७१ हजार चारसय ५३ रूपियाँ,मोना कतारबाट ४२ हजार ६ सय १४, गोपाल भण्डारी हाल दुवैबाट ७ हजार, सुरेश केसी युकेबाट दश हजार र राँखु समाज मोना बेल्जीयम बाट पचास हजार रूपियाँ आर्थिक संकलन भएको अभियानका अभियान्ता गोविन्द भण्डारीले जानकारी दिए । सहयोग हस्तान्तरण कार्यक्रमको सञ्चालन पत्रकार कमल खत्रीले गरेका थिए ।

थामिएन मिनाको आँसु

■ नवविकल्प

अझै पनि भगवती-८ की मिना भण्डारीलाई आफ्नो श्रीमान बैदेशिक रोजगारको सिलसिलामा साउदी अरवमै रहेको जस्तो लाग्छ । परिवारको अभावलाई सधैको लागि अन्त्य गर्ने गरी रोजगारमा गएको छोटो समयमै गत कात्तिक १२ गते साउदीको रियादमा दुर्घटनामा परी सदाका लागि विदा भएको खवर लगत्तै शोकमा डुवेकी भण्डारीको आँखामा अझैपनि आँसुको समुन्द्र छ ।

श्रीमानको दुर्घटनापछि परिवारका लागि संकलन भइरहेको सहयोग थाप्दा समेत हरेक समय उनका आँखाबाट बरर्र आँसु झर्ने गरेका छन् । आर्थिक अवस्था अत्यन्त कमजोर भएपनि मिनाले जसोतसो घरखर्च चलाइरहेकी छन् । श्रीमानको निधनलाई स्वीकार्न बाध्य भएपनि दृष्टिविहिन आमा र छोरी सृष्टिले अझैपनि छोरा र बाबाको पर्खाईमा रहेजस्तै गर्ने गरेकाले पनि मिनालाई दैनिक श्रीमानको सम्झनाले सताइरहन्छ । बिहिबार म्याग्दीको सदरमुकाम बेनीमा बेज्जियमबाट सहयोग लिएर आएका मोना आइइसीका महासचिव घनश्याम शाही सहितको टोलीले सहयोग हस्तान्तरण गरेपछि मिनाले बरर आँसु खसाल्न थालेपछि सहयोग हस्तान्तरणमा रहेकाहरू समेत स्तब्ध भएका थिए ।

छोरी सृष्टीको शिक्षा र पालनपोषण र दैनिक घरखर्च चलाउने जिम्मेबारीले उनलाई थप चिन्तित बनाएको छ । 'आर्थिक अवस्था कमजोर परिवारको अवस्था सुधार गर्ने प्रयास असफल भयो । उहाँको निधन पछि हामीले संचालन गरेको अभियानमा केही रकम संकलन भएको छ' आर्थिक संकलन अभियानका संयोजक गोविन्द्र भण्डारीले भने । उनले अझै सहयोगको आवश्यकता रहेको बताए । कमल भण्डारीको निधन पछि परिवारमा छोरी सृष्टीको भविस्यलाई लिएर चिन्ता भइरहेकाले निशुल्क शिक्षा सहितको सुविधाको खोजी समेत गरिएको छ ।

राखुबाट बैदेशिक रोजगारमा गएकाहरूको पहलमा आर्थिक संकलन भएपनि अझै आधारभुत आवश्यकता पुरा गर्ने गरी सहयोगको आवश्यकता रहेको मोना आइइसीका महासचिव एवम् आर्थिक संकलन अभियानका धनश्याम शाहीले बताए । 'सहयोग जुटाउने सबै प्रवासी म्याग्देलीलाई धन्यवाद । हाम्रो सानो सहयोगले परिवारलाई केही राहत मिलेको छ' उनले भने । शाहीले अझैपनि सहयोगको आवश्यकता रहेकाले सहयोगमा जुट्न अपिल समेत गरेका छन् ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

पलपलका ताजा समाचारका लागि क्लिक गर्नुहोस्
www.benionline.com.np
धौलागिरिको पहिलो वेभ

STUDY IN JAPAN
Special Offers
FREE LANGUAGE
FREE VISA PROCESSING
FREE JOB PLACEMENT
NO VISA NO PAY
Japanese Language Courses
NAT/JLPT/J-TEST Preparation
Documentation
VISA Processing
IN ASSOCIATION WITH
SETO ACADEMY
BEC BENI EDUCATION CONSULTANCY
Hulak Chowk, Beni, Myagdi ☎ +977-69-520678
www.beniedu.com.np info@beniedu.com.np

इन्टरनेटको भरमा माछापालन

■ नवविकल्प

म्याग्दीको बाबियाचौर २ सिमलचौरमा युवाहरूले ईन्टरनेटबाट प्राप्त गरेको प्राविधिक जानकारीको आधारमा ब्यवसायीक माछापालन गरेका छन् ।

माछापालन र अर्गानीक तरकारी खेती गरेका सिमलचौरको केडी एग्रो फार्मका सञ्चालक जिवन र अशोक पौडेलले ईन्टरनेटमा प्राविधिक जानकारी खोजेर ब्यवसाय सुरू गरेका हुन् ।

'कृषि सेवा केन्द्रका कृषि प्राबिधिकलाई सोध्न जाँदा माछापालनको बारेमा जानकारी नभएको बताएपछि ईन्टरनेटमा खोजी गऱ्यौं' अशोक पौडेलले भन्नुभयो 'कृषि विकास मन्त्रालय, विभिन्न सञ्चार माध्यम र बिदेशका फार्महरू वेभसाईटमा भेटिएको जानकारीलाई आधार बनाएर माछापालन सुरू गरेका हौ ।'

कस्तो भुगोल र हावापानीमा कुन जातको माछा पाल्न सकिने, पोखरी कस्तो बनाउने, आहराको ब्यवस्था कसरी गर्ने, माछा पालन गर्दा ध्यान दिनुपर्ने पक्ष र माछापालनको बिशेषताहरूको बारेमा वेभसाईटबाट प्राविधिक जानकारी लिएको पौडेल द्धय बताउँछन् ।

स्नातककोत्तर तहसम्मको शिक्षा हाँसील गरेका पौडेल दाजुभाईले ईन्टरनेटमा पाएको प्राविधिक जानकारी अनुसार परिक्षणका लागि स्थापना गरेको पोखरी र माछापालनबाट सफलता पाएपछि ब्यवसायीक फार्म स्थापना गरेका हुन् ।

हाल तिन वटा पोखरीमा तिन हजार भन्दा बढी माहुर जातका माछा र पाँच रोपनी भन्दा बढी जमिनमा मौसमी तथा बेमौसमी तरकारी खेती गरेका पौडेल उनिहरूले १० लाख रूपैया लगानी भैसकेको जानकारी दिएका छन् ।

चार क्विन्टल माछा अंग्रेजी नयाँ वर्षको अवसरमा पोखरा लगेर बेचेका उनिहरूले पोखरीमा थप पाँच क्विन्टल माछा रहेको बताएका छन् । प्रतिकेजी चार सय रूपैयाका दरले पोखरीबाटै माछा बिक्री हुने गरेको जिवन पौडेलले बताउनुभयो । म्याग्दी खोलामा स्थानीयले मार्ने माछा समेत खरिद बिक्री गर्ने उनिहरूले हालै रेष्टुरेन्ट पनि सञ्चालनमा ल्याएका छन् ।

बुवा, आमाले परम्परागत रूपमा गर्दै आएको कृषि पेशालाई थप ब्यवसायीक बनाउने र स्वरोजगार बन्ने उद्देश्यले फार्म स्थापना गरेको सांगीतिक क्षेत्रमा समेत सक्रिय रहेका अशोक पौडेलले बताउनुभयो ।

फार्ममार्फत अर्गानीक तरकारी, फलफुल, स्थानीय खसीबोका, कुखुरा खरिद बिक्री गर्ने उद्देश्य राखिएको छ । स्थानीय कृषकले उत्पादन गरेको कृषि र पशुजन्य बस्तुलाई बजारीकरण गर्ने योजना रहेको पौडेलले बताउनुभयो । माछाको माग बढेकाले थप पोखरी बनाएर कमन कार्प र ग्रास कार्प जातको भुरा हाल्ने तयारी गरेका छन् ।

उनिहरूले म्याग्दी खोलामा मारेको असला माछा संकलन गरेर स्थानीय बजार, बेनी र पोखरामा पठाउने गरेका छन् । फार्ममा दुई जना कामदार सहित परिवारका पाँच जनाले रोजगारी पाएका छन् । उनीहरूले माछापालन सम्बन्धि तालीम र कृषि प्राबिधिकहरूबाट सहयोग नपाएको गुनासो गरेका छन् ।

प्रशारण लाइनको ढिलाइका कारण मिस्त्रीखोला आयोजना प्रभावित

■ नवविकल्प

म्याग्दीको नारच्याङ गाविसमा निर्माणाधीन अवस्थामा रहेको मिस्त्रीखोला जलविद्युत आयोजनाको सुरुङ निर्माण स्थल । *तस्वीर : ठाकुरप्रसाद आचार्य*

प्रशारण लाइन निर्माणको ढिलाईले पाँच वर्ष अघि सूरू भएको यहाँको एक जलविद्युत आयोजनाको काम ठप्प भएको छ ।

जिल्लाको दानामा केन्द्रिय विद्युत प्रशारण लाईनको सबस्टेशन निर्माणमा ढिलाई हुँदा नारच्याङ गाविसमा निर्माणधिन अवस्थामा रहेका ४२ मेघावाट क्षमताको मिस्त्रीखोला जलविद्युत आयोजनाको काम प्रभावित बनेको आयोजनाले जनाएको छ ।

रोवस्ट ईनर्जी प्रा.लि लाई ऊर्जा मन्त्रालयले २०६८ कात्तिकमा ३५ वर्षका लागि विद्युत् उत्पादनको अनुमति दिएको हो । आयोजना निर्माणका लागि जग्गा अधिग्रहण, बाँध रहने स्थानसम्म सडक र मोटरेबल पुल निर्माणको काम सम्पन्न गरिसकेको छ ।

२०७३ जेठ ३ गते आयोजनाबाट विद्युत् उत्पादन गर्ने गरी प्रवर्द्धक रोवस्ट र प्राधिकरणबीच २०६७ मा विद्युत खरिद विक्री सम्झौता (पीपीए) भएको थियो । सम्झौता भएलगत्तै कार्यक्षत्रमा पूर्वाधार निर्माणमा जुटेको आयोजना प्रशारण लाइन निर्माणमा ढिलाई र पछिल्लो समय इन्धन अभावका कारण निरन्तरता दिन नसकिएको आयोजनाले जनाएको छ ।

प्रसारणलाइन समयमा नबनेपछि आयोजना पछि धकेलिएको हो । कालिगण्डकीमा म्याग्दीको दानादेखि बुटबलसम्म २२० केभी क्षमताको ११५ किलोमिटर लामो प्रसारणलाइन बनाउनुपर्ने हुन्छ । आयोजनाले विद्युतगृहबाट दाना स्वस्टेसनसम्म जोड्न ४ किलोमिटरमात्र प्रसारणलाइन बनाउनुपर्ने हुन्छ ।

सबस्टेशनको अभावमा उत्पादीत विद्युत खेर जाने अवस्था भएपछि आयोजनाको सुरूङ, विद्युतगृह, बाँध लगायतका सिभिल निर्माणको काम सुरू गर्न नसकेको रोवस्ट ईनर्जी प्रा.लीका लेखापाल राजेन्द्र शर्माले बताए ।

पछिल्लो समय भारतिय नाकबन्दीका कारण इन्धन अभाव हुँदा आयोजनाको काम अगाडी बढाउन नसकिएको शर्माले बताए । पछिल्लो समय नेपाल विद्युत प्राधिकरणले प्रशारण लाइनको कामलाई अगाडी बढाएको छ, लेखापाल शर्माले भने, 'एकमहिना भित्रमा हाम्रो आयोजनाको काम पनि सुरु गर्ने तयारीमा छौ ।'

नेपाल विद्युत प्राधिकरणले दानामा कालीगण्डकी करिडोर अन्तरगतको २२० केभी प्रशारण लाईनको विद्युत सबस्टेशन निर्माणमा ढिलाई गर्दा मिस्त्री खोला आयोजना लगायत निर्माणको चरणमा रहेका अन्य आयोजनाहरूलाई असर परेको छ । यस क्षेत्रमा मात्र एकदर्जन आयोजनाहरू निर्माणको चरणमा रहेका छन् ।

पाँच अर्ब ६० करोड रूपियाँ लागत अनुमान गरिएको आयोजनाको विद्युतगृह रहने नारच्याङ बेशीदेखि निलगिरी र घलेम्दी खोलाको दोभानमा रहने बाँधसम्म ६ किलोमिटर सडक र तिन वटा बेलीब्रिज निर्माण भैसकेको छ ।

यसैगरी नेपाल ईन्भेष्टमेन्ट बैङ्कबाट ७० करोड, जलविद्युत विकास कम्पनीबाट एक अबर, नेपाल बैंकबाट ५० करोड, नविल बैंकबाट एक अरब, लक्ष्मी बैंकबाट ४० करोड, सिद्धार्थ बैंकबाट ३० करोड र एस डेभलभमेन्ट बैंकबाट ३० करोड ऋण लगानीका लागि सम्झौता भएको छ ।

विद्युत प्राधिकरणले दाना सब स्टेशन निर्माणका लागि ठेक्का सम्झौता गरिसकेकाले आयोजनाको पनि सुरूङमार्ग निर्माण सुरू गर्ने तयारी भएको शर्माले बताउनुभयो । उनका अनुसार ३१ महिनामा सब स्टेशन निर्माण सम्पन्न गर्ने विद्युत प्राधिकरणको लक्ष्य रहेकाले आयोजनाको काम पनि संगै सम्पन्न गर्नेगरी तयारी भैरहेको छ ।

झुसिल किराको प्रकोपले पशुचौपाया मरे

■ नवविकल्प

म्याग्दीको राहुघाट क्षेत्रमा झुसीलकिराको प्रकोप फैलीएको छ । करिब तिन महिनादेखि जंगलमा फैलीएको झुसीलकिराका कारण पशु चौपाया र मानिसहरू प्रभावित भएका छन् ।

जंगलमा चरनका लागि गएका भेडाबाख्राले घाससंगै झुसीलकिरा खाँदा भेडाबाख्रा मरेको चिमखोलाका कृषक तमान गर्बुजाले बताउनुभयो । उहाँका अनुसार चिमखोलाका एउटै गोठका १० वटा भन्दा बढी भेडाबाख्रा मरीसकेका छन् ।

घाँससंगै झुसीलकीरा खाँदा पाचन प्रक्रियामा असर पुग्ने र धाढीएर भेडाबाख्रा मर्ने क्रम बढेको गर्बुजाले बताउनुभयो । बिशेषगरी उत्तिसका रूखहरू भएको जंगलमा झुसीलकिरा फैलीएको छ । मानिसहरू पनि काउसो बिझ्ने हुँदा जंगलमा घाँस दाउरा गर्न जान सकेका छैनन् ।

चिमखोलाको साथै छिमेकी कुईनेमंगले, दग्नाम र पाखापानी गाविसको जंगलमा पनि झुसीलकिराको प्रकोप फैलीएको छ । झुसीलकिराले स साना बोटबिरूवाको डाँठ खाएर सखाप बनाएको छ । जंगलैभरी झुसीलकिरा फैलीएको चिमखोलाका बासिन्दा निरबहादुर पुनले बताउनुभयो ।

केही ठाउँका बासिन्दाले झुसीलकिराको प्रकोप नियन्त्रण गर्न जंगलमा डडेलो लगाएका छन् । जसले गर्दा वन्यजन्तु, पंक्षीको बासस्थानका साथै घरपालुवा जनावरलाई चरनको अभाव भएको छ । झुसीलकिराको प्रकोपले सो क्षेत्रको संयौ हेक्टर जंगल सखाप पारेको छ ।

जिल्ला पशु सेवा कार्यालयले पशुहरूलाई भुसिलकिरा भएको ठाउँमा चरनका लागि नलैजान कृषकहरूलाई अनुरोध गरेको छ । यसैगरी घुम्ती शिवीर र स्थलगत रूपमा पुगेर निशूल्क औषधि वितरण तथा उपचार सेवा पनि दिइएको पशु चिकित्सक जिवन आचार्यले बताउनुभयो ।

कति नुन खान्छन धौलागिरीबासी ?

■ नवविकल्प

साविकको धौलागिरी अञ्चलको चार वटा जिल्लामा वार्षिक साढे चार करोड रूपैया भन्दा बढीको नुन खपत हुने गरेको छ ।

बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्लामा नुनको आपूर्ती गर्दै आएको साल्ट ट्रेडीङ कर्पोरेशन बागलुङका अनुसार धौलागिरिमा वार्षिक साढे १७ हजार मेट्रिक्टन भन्दा बढी नुन खपत हुने गरेको छ ।

गत आर्थिक वर्ष २०७१/७२ मा चार करोड ६२ लाख ६० हजार रूपैया मूल्य बराबरको १७ हजार ६३० मेट्रिक्टन नुन खपत भएको साल्ट ट्रेडीङ कर्पोरेशन बागलुङका प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठका अनुसार चालु आर्थिक वर्ष २०७२र७३ को दश महिनाको अवधिमा साल्ट ट्रेडीङका डिलरहरू मार्फत दुई करोड ६१ लख रूपैयाँ मूल्य बराबरको १४ हजार पाँच सय मेट्रिक्टन नुन बिक्री भएको छ । चार हजार ५०० मेट्रिक्टन ढिके र दश हजार मेट्रिक्टन प्याकेटको आयोडिनयुक्त नुन बिक्री भएको हो ।

अघिल्लो र यस आर्थिक वर्षको दश महिनाको अवधिमा ढिके नुनको खपत बराबरी छ । पाँच लाख ४१ हजार जनसंख्याको बसोबास रहेको धौलागिरीमा आयोडिनका हिसावले सुरक्षित मानिने प्याकेटको आयोनुनको प्रयोग बढ्दै गएको छ । अघिल्लो आर्थिक वर्षको दश महिनामा नौ हजार २५० मेट्रिक्टन प्याकेटको नुन बिक्री भएको थियो ।

साल्ट ट्रेडीङको तथ्याङक अनुसार गत वर्षको तुलनामा यस वर्ष ७५० मेट्रिक्टन बढी बिक्री भएको हो । खुल्ला रूपमा बिक्री वितरण हुने ढिके नुनमा राखिने आयोडिन उडेर जाने भएकाले उपभोगका लागि उपयुक्त मानिदैन् । आयोडिनको कमीले गलगाड आउने, बच्चाको मानसिक तथा शारिरीक विकासमा असर पुग्ने, गर्भपतन हुने, गाईबस्तुको उत्पादन क्षमत्ता कम हुने जस्ता समस्या देखिने गर्छ ।

साल्ट ट्रेडीङ, जिल्ला स्वास्थ्य कार्यालय र विभिन्न संघ संस्थाले आयोडिनयुक्त प्याकेटको नुनको सुरक्षित प्रयोग बृद्धी गरि आयोडिनको कमीले हुने स्वास्थ्य समस्या न्युनीकरणका लागि समुदाय स्तरमा विभिन्न जनचेतनामुलक कार्यक्रम गर्दै आएका छन् ।

दरबाङमा राष्ट्रिय वाणिज्य बैंकको सेवा

■ नवविकल्प

द्धन्द्धकालमा विस्थापित भएको राष्ट्रिय वाणिज्य बैङ्कले म्याग्दीको पश्चिमी क्षेत्रको ब्यापारीक केन्द्र दरवाङ बजारमा चौध वर्षपछि सेवा सुरू गरेको छ ।

सुरक्षाको कारण वि.स २०५८ मा दरवाङमा रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखा सदरमुकाम बेनीमा विस्थापित भएको थियो । यसै हप्तादेखि दरवाङ बजारमा शाखारहित बैङ्कीङ सेवा सुरू गरेको राष्ट्रिय वाणिज्य बैंक बेनी शाखाले जनाएको छ ।

दरवाङमा तोकिएका ब्यवसायीक प्रतिनिधि मार्फत पहिलो चरणमा देशभर रहेका बैङ्कका शाखामा रकम जम्मा गर्ने, खाता खोल्ने लगायतका सेवा सुरू गरिएको शाखाका प्रबन्धक ध्रुबराज पनेरूले जानकारी दिए । उनका अनुसार ब्यवसायीक प्रतिनिधिले पाँच लाख रूपैया धरौटी जम्मा गरेपछि नगद भुक्तानीको पनि सेवा दिने तयारी भएको छ ।

त्यहाँ जडान गरिएको पस उपकरणको सहायकताले दैनिक पाँच लाख रूपैयाँ सम्मको बैङ्कीङ कारोबार गर्न अनुमती दिइएको छ । सेवाको प्रभावकारीता र ग्राहकको संख्या हेरेर शाखामा परिणत गर्न पहल भैरहेको प्रबन्धक पनेरूले बताए । शाखा रहित बैङ्कीङ सेवा सुरू गरेपछि दरवाङ र आसापसका क्षेत्रका ब्यवसायी, शिक्षक, कर्मचारी र सर्वसाधारणहरूलाई सुबिधा पुगेको ब्यवसायीक प्रतिनिधि ओमबहादुर पुनले बताए ।

बुद्धि वल्डिङ हाउस
एण्ड टायर मर्मत केन्द्र
कालीपुल बेनी म्याग्दी
प्रो. बुद्धि परियार हाम्रा सेवाहरू: मो.नं ९८०६१७६३४३
यहाँ सम्पूर्ण गाडीको टायर मर्मत, वफिन, मेसीनद्वारा पुरानो भएका भाडा वर्तनहरु उज्यालो बनाउनुका साथै वल्डिङ मेसिनबाट सम्पूर्ण गाडीको वल्डिङ पनि गरिन्छ ।

कलाकार खगेन्द्रमिलन श्रेष्ठ पुरस्कृत

■ नवविकल्प

म्याग्दीका अग्रज कलाकार खगेन्द्र मिलन श्रेष्ठलाई आइतवार १४ औ सूर्यनारायण पुरस्कारद्धारा सम्मान गरिएको छ । सूर्यनारायण पुरस्कार संस्था बेनीले स्थानीय कला संस्कृतीको संरक्षण र संवर्द्धनमा योगदान पु¥याएको भन्दै श्रेष्ठलाई १५ हजार रुपियाँ राशीको पुरस्कार प्रदान गरिएको हो ।

बेनीको बर्खे, भदौरे, लाखे, रोपाई नाच तथा लोकभजन,नागिनी र बाद्यबाधनको संरक्षणमा योगदान पु¥याएको भन्दै बेनी नगरपालिका ७ निवासी हाल काठमाण्डौमा वसोवास गर्ने ६७ बर्षिय श्रेष्ठलाई पूर्व राष्ट्रिय पञ्चायत सदस्य एवम् समाजसेवी बलमान पुन र संस्थाका अध्यक्ष सुर्वणकुमार श्रेष्ठले पुरस्कार सहित कदरपत्रले सम्मान गरेका हुन् ।

बेनीका कलाकार स्वर्गीय सुर्यनारायण श्रेष्ठको स्मृतीमा २०४८ सालमा उहाँको परिवारले स्थापना गरेको पुरस्कारबाट भैरबहादुर श्रेष्ठ, टिकाबहादुर श्रेष्ठ, दीपबहादुर खड्का, धनकुमारी थापा, रत्नप्रसाद श्रेष्ठ, ठाकुरप्रसाद पराजुली, बीरबहादुर कार्की, खड्ग गर्बुजा, होमनाथ सुवेदी, लक्ष्मीप्रसाद श्रेष्ठ, अबिरकुमार श्रेष्ठ, ध्रुबलाल शर्मा र अंगद श्रेष्ठ यस अघि नै सम्मानीत भइसकेका छन् ।

पुरस्कार वितरण समारोहका प्रमुख अतिथि बलमान पुनले समाजमा योगदान गर्ने ब्यक्तिलाई सम्मान गर्ने संस्कृतिले समाजसेवामा लाग्न प्रेरणा मिल्ने बताए । उनले कलासंस्कृतिको संरक्षण र प्रवर्द्धनमा लागेका ब्यक्तिहरूलाई सम्मानले प्रोत्साहन मिल्ने बताए ।

साथै कार्यक्रममा संस्थाको मुखपत्र गंगाको बिमोचन गरिएको थियो । कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष सुर्दशनकुमार श्रेष्ठ, पुर्व पुरस्कृत ब्यक्तित्व ध्रुबलाल शर्मा, पुरस्कार छनौट उपसमितिको संयोजक धनकुमारी थापा र सम्मानीत ब्यक्तित्व खग्रेन्द्र मिलन श्रेष्ठले मन्तब्य ब्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष सुवर्ण श्रेष्ठको अध्यक्षता र सचिव अजयमिलन श्रेष्ठको सञ्चालनमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले स्वागत गरेका थिए भने कोषाध्यक्ष ज्ञानेन्द्र श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

हाल संस्थाको अक्षयकोषमा तिनलाख छ हजार दुइसय २७ रुपियाँ रहेको कोषाध्यक्ष श्रेष्ठले जानकारी दिए । कार्यक्रमा सूर्यनारायण श्रेष्ठका कान्छा छोरा दिनेश नारायण श्रेष्ठले स्वार्गिय श्रेष्ठको जिवनीका वारेमा तयार पारेको वृतचित्र देखाएका थिए । प्रत्येक दुइवर्षमा कलासंस्कृति र कृषिमा योगदान गने ब्यक्तिलाई अक्षयकोषको ब्याजले सम्मान गर्ने गरिएको कोषाध्यक्ष श्रेष्ठले जानकारी दिए ।

एक हजार जनालाई गाउँमै सेवा

■ नवविकल्प

म्याग्दीको चिमखोलामा शनिबार सम्पन्न एकिकृत घुम्ती शिवीर मार्फत एक हजार जना भन्दा बढी सर्वसाधारण लाभान्वित भएका छन् ।

जिल्ला प्रशासन कार्यालयको संयोजन र नेपाली सेनाको ईन्द्रबक्स गणको ब्यवस्थापनमा सञ्चालन भएको शिवीरमा चिमखोला, कुईनेमंगले, दग्नाम र पाखापानी गाविसका सर्वसाधारणले गाउँमै सर्वसुलभ रुपमा सरकारी सेवा प्राप्त गरेका हुन् । एक हजार १२ जना सर्वसाधारणहरूले जिल्ला सदरमुकाम पुगेर लिनुपर्ने सेवा गाउँबाटै प्राप्त गरेका सहायक प्रमुख जिल्ला अधिकारी यादव आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाली सेनाको ईन्द्रबक्स गणले आयोजना गरेको निशुल्क स्वास्थ्य शिवीरबाट सबैभन्दा बढी ५५० जना लाभान्वित भएका छन् ।

२३ नम्बर बाहिनी बागलुङको फिए गुल्मका चिकित्सक आयुस रायमाझीको नेतृत्वमा रहेको स्वास्थ्यकर्मी टोलीले स्वास्थ्य परिक्षण, परामर्श र निशूल्क औषधि वितरण गरेको छ । पाँच लाख रूपैया मूल्य बराबरको औषधि वितरण गरिएको जनाइएको छ ।

जिल्ला पशु सेवा कार्यालयको टोलीले १६० जना कृषकहरूलाई औषधि वितरण र कृषि सेवा कार्यालयको टोलीले १५० जनालाई तरकारीको विउ वितरणसंगै परामर्श सेवा दिएको छ । प्रशासन कार्यालयले २८ जनालाई नागरीकता वितरण गरेको छ । स्वास्थ्य कार्यालयको टोलीले ३२ जनालाई परिवार नियोजन सम्बन्धि सेवा उपलब्ध गराएको छ ।

महिला तथा बालबालिका कार्यालयले १३ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ भने जिल्ला निर्वाचन कार्यालयले १५ जनाको तस्विर सहितको मतदाता नामावली संकलन गरेको छ । भुसंरक्षण कार्यालयले ६४ जनालाई पहिरो नियन्त्रण प्रबिधिको बारेमा प्राबिधिक परामर्श दिएको थियो ।

खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र मालपोत कार्यालयको टोलीले पनि कार्यालयको सेवा सुबिधा र प्रक्रियाको बारेमा सर्वसाधारणलाई जानकारी गराउनुभएको थियो । सदरमुकामसम्म पुगेर सरकारी सेवा प्राप्त गर्न नसकेको गरिव, विपन्न, अशक्त, असाहय, जेष्ठ नागरीकहरूलाई लक्षित गरेर घुम्ती शिवीर सञ्चालन गरेको सहायक प्रजिअ आचार्यले बताउनुभयो ।

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

विकराल...

हाँसील गर्ने अधिकार कुण्ठीत मात्र भएन्, भविश्यको बाटोमा ठेस लागेको अञ्जलीको अनुभव छ ।

'भनेजस्तो नभएपनि परिवारीक सम्बन्ध राम्रो छ । भावी सन्तानले हामीले जस्तो दुख भोग्न दिने छैनौं' अञ्जली भन्छिन् 'बिवाह पछि पढाईलाई निरन्तरता दिन धेरै कठिन छ ।' कानुनले बिस वर्ष भन्दा कम उमेरमा बिवाह गर्नु गराउने कार्यलाई अपराध मानेको छ । आधारभुत तह सम्मको शिक्षालाई सरकारले निशूल्क घोषणा गरेको छ । तर समाजमा न त बालबिवाह रोकीएको छ, न सबैले आधारभुत तहको शिक्षानै पाएको अवस्था छ । यस्तो अवस्था आउनुको पछाडि चेतना, शिक्षाको कमी, गरिबी र परम्परागत गलत संस्कार प्रमुख कारण रहेको अमर मावि चिमखोलाकी शिक्षिका पोमाया पुनको ठम्याई छ । 'मामाको छोरी र फुपुको छोराबीच बिवाह गर्ने चलन छ । आफन्तभित्रै बिवाह गर्दा सजिलो हुने बुझाईले गर्दा माईती कुटुम्बको नातालाई निरन्तरता दिनलाई अभिभावक सहमत भईसकेपछि छोरीचेलीले नाई भन्न सक्दैनन' शिक्षिका पुनले भन्नुभयो 'जसले गर्दा मन नभएर पनि अभिभावकले दिएको ब्यक्तिसंग बिवाह गर्नुपर्ने किशोरीहरूको बाध्यता छ ।'

अर्कोतर्फ अभिभावकमा नातामा बिवाह गर्दा भविश्यमा जन्मने बालबालिकामा पर्ने असर, कानुनी ब्यवस्था, महिला तथा बालबालिकाको अधिकार र बालबिवाहले निम्त्याउने दुष्परिणामको बारेमा ज्ञानको अभाव पनि उत्तिकै छ । परिवारको कमजोर आर्थिक अवस्था र गरिबीका कारणले पनि बालबिवाह हुने गरेको छ ।

विपन्न समुदायका अभिभावक छोराछोरीलाई पढाउनु भन्दा बिवाह गरिदिदाँ आफ्नो जिम्मेवारी पुरा भएको ठान्छन् । बिहे गरीदिएपछि आफ्नो जिवन आफै चलाउँछन र झञ्जटबाट मुक्त भईन्छ भन्ने मान्यता छ । गरिबी र अभावमा गुज्रीएको ग्रामिण समाजमा जस्तै शिक्षित भनिएको शहरी र सम्पन्न समुदाय पनि बालबिवाहबाट मुक्त छैन् ।

गाउँघरमा बाध्यताले बालबिवाह हुन्छ भने सहरी क्षेत्रमा सूचना प्रबिधिको दुरूपयोग, अभिभावकको बेवास्ता र गलत संगतका कारण रहरले सानैमा दुलाह, दुलही बन्नेहरू भेटिन्छन् । मोवाईल, ईन्टरनेट, सामाजिक सञ्जालको सहयोगले प्रेम सम्बन्ध स्थापीत गरेर शारीरिक सर्म्पक हुदै बिवाह गर्नुअगावै बुवाआमा बन्ने अवस्थामा बाध्यतात्मक परिस्थीतीले सानैमा बिवाह गर्ने विकृती सामाजिक समस्याकै रूपमा देखिएको छ ।

कम उमेरमा हुने बिवाहले सामाजिक, आर्थिक, सांस्कृतीक, शिक्षा र स्वास्थ्य क्षेत्रमा समस्या थपेको छ । उनिहरू शारिरीक, मानसिक र संवेगात्मक हिसावले परिपक्क हुदैनन् । छोटो समयको माया प्रेम र बाध्यतामा परेर बिवाह गरेका दम्पतीहरूको सम्बन्ध रसीलो, कसीलो र दिगो बनेको कमै मात्र उदाहरण छन् । उमेर नपुग्दै बिवाह गरेपछि पारिवारीक जिम्मेवारी बढ्दै जाँदा एक अर्कामा अविश्वास सिर्जना भई अलग हुने बाटो रोज्ने गरेका छन् ।

पछिल्लो समय सम्बन्ध बिच्छेद गर्न आउनेमा सानै उमेरमा बिवाह गरेकाहरू बढी हुने गरेको जिल्ला अदालत म्याग्दीका श्रेष्तेदार गोकर्णराज पन्तले बताउनुभयो । जिल्ला अदालतमा आर्थिक वर्ष २०७१र७२ मा ११३ थान सम्बन्ध बिच्छेदका मुद्दा परेकोमा १०७ वटाको फैसला भएको थियो । चालु आर्थिक वर्षको पौष महिनासम्ममा ३१ जनाले मिलापत्रको माध्यमबाट (फास्ट ट्याक) बिधी अपनाएर सम्बन्ध बिच्छेद गरेको अदालतको तथ्याङ्क छ ।

प्रहरी र अदालतमा बालबिवाह सम्बन्धि मुद्दा परेको भने भेटिदैन् । यदाकदा अन्तरजातीय बिवाह भएको र केटा अथवा केटी पक्षले नचाहेको ब्यक्तिलाई बुहारी वा ज्वाँईको रूपमा स्वीकार गर्न नसकेको अवस्थामा मात्रै बालबिवाहको उजुरी पर्छ । धेरैजसो यस्ता मुद्दा सहमतीमा मिलापत्र गरेर टुङ्गीन्छ । बालबिवाहले किशोर किशोरीहरूको शिक्षामा पनि नकारात्मक असर पारेको छ । विद्यालय, दश जोड दुई तहमा अध्ययनरत धेरैले बिवाहपछि शिक्षालाई निरन्तरता दिन सकेका छैनन् । किशोरहरू पारिवारीक समस्या र घरब्यवहार चलाउन रोजगारीका लागि बिदेशिने तथा किशोरीहरू आमा बन्ने र घरधन्दा सम्हालेर बस्ने गरेका छन् ।

जिल्ला शिक्षा कार्यालयका अनुसार २०७१ को प्रवेशिका परिक्षा (एसएलसी)मा सहभागिताका लागि आवेदन फारम भरेका मध्य पढाई छाडेको र ७५ प्रतिशत हाँजीरी नभएका कारण ६६ जना विद्यार्थी परिक्षा दिनका लागि अयोग्य भएका थिए । पढाई छाड्नु र नियमित कक्षामा हाँजीर नहुनुको पछाडीएको एउटा कारण विद्यालय पढ्ने उमेरमा हुने बिवाह भएको विद्यालय निरिक्षक विश्वप्रकाश रेग्मीले बताउनुभयो ।

शिक्षा हाँसील गर्न नसकेका युवा युवतीहरू स्वदेशमा रोजगारीको अवसरबाट बञ्चित हुन्छन् । गाउँमै ब्यापार, ब्यवसाय, कृषि पेशा गर्ने बाहेक राम्रो शिक्षा हाँसील गर्न नसकेकाहरूका लागि रोजगारीको अन्तिम विकल्प बैदेशिक रोजगारीनै बनेको छ । अर्कोतर्फ गाउँघरमै रहने युवतीहरू पनि शिक्षाको कमीले गर्दा घरधन्दा, दाउराघाँसमै सिमीत हुनुपर्ने र सामाजिक, आर्थिक, राजनतीक गतिबिधिमा सहभागि हुन नसक्ने अवस्था छ ।

कम उमेरमा हुने बिवाहको सबैभन्दा धेरै असर महिलाको स्वास्थ्यमा देखिएको छ । म्याग्दीमा तिस प्रतिशतको हाराहारीमा गर्भवतीहरू बिस वर्ष भन्दा कम उमेरका रहेका जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । कम उमेरमै आमा बन्नु स्वास्थ्यका हिसाव आमा र बच्चा दुवैको प्रतिकुल हो । छिटो बच्चा जन्माउने दर हुने, पाठेघर खस्ने, शारिरीक कमजोरी, औसत आयुमा असर, बच्चामा कुपोषण र अपाङ्गता हुने जस्ता समस्या देखिने गरेको जिल्ला जनस्वास्थ्य अधिकृत नारायणप्रसाद चौधरीले बताउनुभयो ।

आर्थिक वर्ष २०७१र७२ मा दुई हजार ३०७ जना गर्भवती मध्य ६५२ जना २० वर्षभन्दा कम उमेरका रहेका थिए । चालु आर्थिक वर्ष २०७२र७३ को पहिलो चार महिनामा ५१८ जना गर्भवती मध्य १४३ जना बिस बर्ष भन्दा कम उमेरका छन् । बिस वर्ष भन्दा कम उमेरमा आमा बन्नेहरूको संख्या पछिल्लो केही वर्षयता घट्दै गएको देखिएपनि सन्तोषजनक अवस्था भने नरहेको जनस्वास्थ्य अधिकृत चौधरीले बताउनुभयो ।

बिस वर्ष भन्दा कम उमेरमा आमा बन्नेहरूको संख्या आर्थिक वर्ष २०७०र७१ मा ३२ र २०६९र७० मा ३८ प्रतिशत थियो । बालबिवाह र त्यसको असरले समाजमा विभिन्न समस्या उत्पन्न गरेपनि न्युनीकरणका लागि प्रभावकारी काम भएको देखिदैन् । सम्बद्ध सरकारी कार्यालय र गैरसरकारी संघ संस्थाले तालीम, गोष्ठि र सहर केन्द्रित कार्यक्रम गर्दा दुर्गम तथा ग्रामिण क्षेत्रमा बालबिवाह विरूद्ध सन्देश प्रवाह हुन सकेको छैन् ।

केही गाविसमा गठन भएको युवा महिला संस्था र विद्यालयका बालकल्व बालबिवाह बिरोधी अभियानमा सक्रिय बनेपनि उनिहरूले साथ, सहयोग पाएका छैनन् । बालबिवाह न्युनीकरणका लागि किशोर किशोरीहरूलाई परामर्शको माध्यमबाट सचेतीकरण गर्ने, अभिभावकमा बालअधिकार र बालबिवाह विरूद्ध बनेका कानुनको बारेमा जानकारी गराउने तथा विद्यालय र समाजलाई किशोरीमैत्री बनाउनुपर्ने युवा महिला संस्था जिल्ला सञ्जालका सचिव लक्ष्मी बिकले बताउनुभयो ।

सञ्जाल अन्तरगत म्याग्दीको दरवाङ, रूम, ओखरबोट, अर्मन, ताकम, देविस्थान, मुदी, दाना, बेग, पात्लेखेत, चिमखोला, रत्नेचौर, कुईनेमंगले, दग्नाम लगायतका गाविसका किशोरीहरूलाई युवा महिला संस्थामा आवद्ध गराइएको छ । संस्थामा आवद्ध किशोरीहरूलाई बालबिवाह नगर्न सुझाव र परामर्श दिने गरीएको बिकले बताउनुभयो ।

महिला हिंसा र सामाजिक विकृती न्युनीकरणका लागि पनि चेतनामुलक कार्यक्रम गर्दै आएका संस्थाहरूलाई आर्थिक स्रोतको समस्या छ । सहर, बजारका महँगा होटलमा नेता, कर्मचारी, दाता, सामाजिक अगुवाहरू भेला भएर तालीम गोष्ठि गरेर बर्षेनी करोडौ बजेट बालुवामा पानी हालेसरह उपलब्धिहीन तरीकाले खर्च गरिरहेका छन् । ग्रामिण तहमा जनचेतना अभिवृद्धी गर्न स्वमसेवकको रूपमा सक्रिय ब्यक्तिहरू आर्थिक स्रोत, सम्बन्धित निकायको साथ र सहयोगको अभावमा खुम्चीएर बस्नुपर्ने बिडम्बनापूर्ण अवस्था छ ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

कार्कीको सफलता चुलिँदो

■ नवविकल्प

म्याग्दीका हाँस्य कलाकार रवि कार्कीको ब्यस्तता बढेको छ । बिदेशबाट फर्कीएर कमेडी नृत्य र हाँस्य प्रस्तुतीमा लागेका कार्कीलाई विभिन्न मेला महोत्सवमा आफ्नो प्रतिभा देखाउन भ्याई नभ्याई भएको हो । रोजगारीका लागि मलेशियामा गएको एक वर्ष नपुग्दै बिरामी भएर निराश हुदै घर फर्कीएका कार्की उपचारसंगै २०७२ बैशाखदेखि हाँस्यब्यङग्य प्रस्तुतीको क्षेत्रमा होमीएका थिए । सानैदेखि हाँस्य अभिनय, गायन र नृत्य प्रस्तुतीमा रूची राख्दै आएका २४ वर्षिय कार्कीले आफ्नो कला देखाएरै उपचार गर्दा लागेको ऋण तिरीरहेका छन् ।

कार्कीले मेला र महोत्सवमा कमेडी नृत्य तथा अभिनय प्रस्तुत गर्छन् । मौलीक भेषभुषामा गरिने अभिनय र प्रस्तुतीका कारण उनी आयोजक र दर्शकको रोजाईमा परेका हुन् । नयाँ वर्षको अवसरमा बैशाख १ गते राखु कलेजबाङको न्यु लालीगुराँस युवा कल्वले आयोजना गरेको मेलाबाट कला क्षेत्रको यात्रा सुरू गरेका कार्कीले अहिलेसम्म ८६ वटा कार्यक्रममा सहभागिता जनाएको जानकारी दिए ।

म्याग्दी, पर्वत र बागलुङका मेलाहरूमा प्रस्तुतीका लागि कार्कीलाई निम्तो आउने गरेको छ । तिजको समयमा एकै महिनामा १७ वटा सम्म कार्यक्रममा सहभागि भएको कार्कीले बताए । पत्थरीको अप्रेशन गर्दा लागेको ऋण आफ्नो कला बेचेर भएको आम्दानीले तिरीरहेको कार्की बताउँछन् । एउटा कार्यक्रममा जाँदा आठ देखि १० हजार सम्म आम्दानी हुने कार्कीले बताए ।

हिम सम्झौता म्युजीक प्राली मार्फत आफ्नै लय र स्वरमा रहेको गिती एल्बम बादल भित्र लुक्ने जुन हुँ म बोलको गित समेत बजारमा ल्याएका कार्की लोकदोहोरी गायनमा पनि पोख्त छन् । कुश्माको कालीगण्डकी टेलिभिजनबाट प्रशारण हुने हाँस्य टेलिसिरीयल भाडभैलोमा डाङग्रे जड्या र जोगीको भुमिकामा अभिनय गर्दै आएका छन् ।

कार्कीलाई म्याग्देली कलाकार ध्रुब जिसी र निशा केसीको पञ्चेबाजाको गिती एल्बम सहनाई रोलाकीमा शंकर बिसी र पार्वती राईसंग हाँस्य कलाकारको रूपमा अभिनय गरेको देख्न सकिन्छ । यसैगरी नहकुल ढकालको रोईला गित रूदै मेला पातमाको भिडीयोमा भरत रकाल र शुष्मा अधिकारीसँग पनि कार्कीले अभिनय गरेका छन् ।

मलेसीयामा रहेका नेपाली सम्बद्ध संस्थाहरूले आयोजना गर्ने सांस्कृतीक कार्यक्रममा प्रस्तुती गर्दा पाएको दर्शकको साथले नेपाल फर्कीएर यस क्षेत्रमा सक्रिय हुन प्रेरणा मिलेको कार्कीले बताएका छन् । बेनीको म्याग्दी काली एफ एमबाट प्रशारण हुने काउसो कार्यक्रमबाट उनले हाँस्य अभिनय थालेका थिए ।

उनी अहिले पनि उक्त एफ एममा पुराना लोक दोहोरी गित र पुराना ब्यक्तित्वहरूसंगको कुराकानी समेटीने कार्यक्रमहरू चलाउँछन् । हाँस्यबग्यङ्ग्य क्षेत्रलाई प्राथमिकता र लोकदोहोरीलाई वैकल्पीक रूपमा अघि बढाउने योजना बनाएका कार्की केही आयोजकले कार्यक्रममा बोलाएर यातायात खर्च र पारिश्रमीक पनि नदिएर पठाएकोमा भने दुखि छन् ।

Good Neighbors
International

आशयपत्र आह्वान
Expression of Interest
सामुदायिक विकास परियोजना सञ्चालन गर्नको लागि स्थानीय साझेदार संस्था छनौट प्रक्रिया

गुड नेवर्स इन्टरनेशनलले सन् २००२ देखि नेपालमा बालबालिकाको शिक्षामा केन्द्रित रही स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, आयआर्जन र विपद् न्यूनिकरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा, यस संस्थाले म्याग्दी जिल्लामा आगामी चरणको सामुदायिक विकास परियोजना कार्यान्वयन गर्नको लागि आशयपत्र आह्वान गर्दछ । यो प्रक्रिया स्थानीय साझेदार संस्था छनोटको पहिलो चरण हो ।

सामुदायिक विकास परियोजनाका मुख्य कार्यक्षेत्रहरु :
- शिक्षा, बाल अधिकार तथा संरक्षण
- स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता
- आयआर्जन

सामुदायिक विकास परियोजनाका मुख्य उद्देश्यहरू :
- बालबालिकालाई गुणस्तरीय शिक्षाको लागि अवसरहरू प्रदान गर्ने
- बालबालिका, परिवारहरु तथा समुदायको खानेपानी तथा सरसफाईमा पहुँच बृद्धि गर्ने र स्वास्थ्य स्तरमा सुधार गर्ने
- गरिबी न्यूनिकरणको लागि रोजगारी सिर्जना तथा आयआर्जनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- बालबालिकाको संरक्षणका लागि सुरक्षित वातावरण निर्माण गर्न योगदान गर्ने

निवेदनको लागि योग्य संघसंस्थाहरू :
- सम्बन्धित जिल्लामा दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भएको
- स्थानीय तथा समुदायमा आधारित
- माथि उल्लेखित उद्देश्य अनुरुपको कार्यक्रम तथा परियोजनाहरू संचालनको कम्तीमा ३ वर्षे पूर्व अनुभव/ विशेषज्ञता तथा प्राविधिक, व्यवस्थापकीय र आर्थिक योग्यता भएका

आशयपत्र आवेदनका लागि फाराम उल्लेलिखत ईमेलः eoi@goodneighbors.org बाट प्राप्त गर्न सकिनेछ ।

सबै योग्य संघसंस्थाहरूलाई यस परियोजनासँग सम्बन्धित सम्पूर्ण जिज्ञासाहरू लिखितरुपमा देहायको ईमेलमा चैत्र २, २०७२ (१५ मार्च, २०१६) भित्र पेश गर्न सूचित गरिन्छ । प्रश्नहरूको जवाफ चैत्र ३, २०७२ (१६ मार्च, २०१६) भित्र दिइनेछ । ईमेलः **eoi@goodneighbors.org**

आशयपत्र बुझाउने अन्तिम मिति र स्थानः एउटा इलेक्ट्रोनिक प्रति र दुईवटा छापिएको प्रति (एक सक्कल/ एक प्रतिलिपि) चैत्र ८, २०७२ (२१ मार्च, २०१६), साँझ ५:०० बजेसम्म (तोकिएको समयभित्र आइनपुग्ने आशयपत्रहरूलाई सम्बोधन गरिने छैन ।) **गुड नेवर्स इन्टरनेशनल, पोखरा क्षेत्रिय कार्यालय, ड्यामसाइड, पोखरा–१७ कास्की, नेपाल ।**

नोटः *आशयपत्र बुझाएका सबै संस्थाहरूसँग गुड नेवर्स इन्टरनेशनल कुनै पनि रूपमा सम्झौता गर्न वाध्य हुनेछैन । सम्पूर्ण छनोट प्रक्रिया गुड नेवर्स इन्टरनेशनलद्वारा तोकिएको मापदण्ड अनुसार हुनेछ ।*

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

xfd[;]fx?M
✓ २४ सै घण्टा आकस्मिक सेवा । ✓ क्याभिनको व्यवस्था ।
✓ इजाजत प्राप्त दक्ष स्वास्थ्यकर्मीद्वारा अत्यन्तै गोपनियताका साथ सुरक्षीत गर्भपतन सेवा ।
✓ दैनिक ओ.पि.डि सेवा (विहान ८ बजे देखि साँझ ७ वजे सम्म)
✓ २४ सै घण्टा भिडियो एक्सरे,ल्याव,एक्सरे,ई.सि.जि.,माईनर अपरेशन तथा विरामी भर्ना सेवा ।
✓ दैनिक निशुल्क गर्भवती परीक्षण गरिने व्यवस्था ।
✓ सिकिस्त विरामीहरुको लागि बेनी बजार क्षेत्र भित्र घर मै गई स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गरिने ।
✓ ७० वर्ष उमेर पुगेका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
✓ अपाङ तथा निम्न आर्थिक स्तरका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
✓ विद्यार्थीहरुका लागि सहुलियतकार्डको व्यवस्था गराई विशेष छुटको व्यवस्था ।
बेनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
न्यूरोड, बेनीबजार, म्याग्दी
(सम्पर्कः ०६९–५२०९८३, ९८५७६४००८६)

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६ प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनलर सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ स'विधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८) प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286, 9867613547